## विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,

प्रतिनिधि सभा, नेपाल

म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : विद्यालय शिक्षा विधेयक २०८०**

| क्र.स. | विधेयकको | | | | संशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | १ | १ | | | यस ऐनको नाम "विद्यालय शिक्षा ऐन, २०८०" रहेको छ । | यस ऐनको नाम "संघीय विद्यालय शिक्षा ऐन, २०८०" रहेको छ । | संघियता अनुरुप हुने भएकोले |
| २ | २ | घ | | | "आधारभूत शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ र सो शब्दले प्रारम्भिक बालविकास तथा शिक्षालाई समेत जनाउँछ।" | "आधारभूत शिक्षा" भन्नाले कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ । यसमा प्रारम्भिक बालविकास तथा शिक्षा र  कक्षा ३ सम्मको “प्रारम्भिक कक्षा” समेत समावेश हुनेछ ।" | आधारभूत शिक्षा परिभाषा पूर्ण नभएकोले, स्पष्टिकरणका लागि |
| ३ | २ | झ | | | "नि:शुल्क शिक्षा" भन्नाले विद्यालयले विद्यार्थी वा निजको अभिभावबाट कुनै पनि शीर्षकमा शुल्क नलिई दिइने शिक्षा सम्झनु पर्छ । | "नि:शुल्क शिक्षा" भन्नाले विद्यालय ले विद्यार्थी वा निजको अभिभावकबाट विद्यार्थी भर्ना शुल्क, मासिक पढाई शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम नलिई दिइने शिक्षा सम्झनु पर्छ । | अतिरिक्त तथा विशेष क्रियाकलापहरुमा विद्यालयले आन्तरिक स्रोत व्यवस्थापन गर्न तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ को नियम ५ र नियम ६ लाई व्यवहारिक कार्यान्वियनमा सहज बनाउन |
| ४ | २ | ड | | | ....."“प्रारम्भिक बालविकास तथा शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएको बालबालिकालाई कक्षा एकमा भर्ना हुनुभन्दा अगाडि दिइने एक वर्ष अवधिको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनु पर्छ ।...." | उपदफा २(ड) मा थप वाक्यः<br>“प्रारम्भिक बालविकास तथा शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएको बालबालिकालाई कक्षा एकमा भर्ना हुनुभन्दा अगाडि दिइने एक वर्ष अवधिको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनु पर्छ । अपाङ्गता भएका विद्यार्थीका सन्दर्भमा उमेरको हदबन्दी लागु हुने छैन। | अपाङ्गता भएका बालबालिकाको शिक्षा ढिलो सुरु हुनु |
| ५ | २ | ड | | | उपदफा २(ड) पछि देहायको उपदफा २(ढ) राखिने र उपदफा क्रम मिलाउनेः | उपदफा २(ड) पछि देहायको उपदफा २(ढ) राखिने र उपदफा क्रम मिलाउनेः<br>“प्रारम्भिक कक्षा” भन्नाले चार वर्ष (४८ महिना) उमेर पुरा भएदेखि ८ वर्ष (९६ महिना) सम्मका बालबालिकाका लागि सञ्चालन गरिने सर्वाङ्गीण विकासमा केन्द्रित सिकाइको आधार तयार पार्ने कक्षा सम्झनु पर्छ। " | प्रारम्भिक कक्षाको परिभाषा नभएकोले |
| ६ | २ | त | | | "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ। " | उपदफा २(त) को सट्टा देहाएको दफा राखिने छ:<br>"माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म साधारण, परम्परागत वा प्राविधिक धारको विद्यालय शिक्षा सम्झनु पर्नेछ। | "साधारण, परम्परागत वा प्राविधिक धारको विद्यालय शिक्षा" थप गरी स्पस्ट पारिएको |
| ७ | २ | ब | | | "विशेष शिक्षा" भन्नाले ...... | उपदफा २(ब) को "दृष्टिविहिन" भन्ने शब्द पछि देहाय थप गर्ने "श्रवण दृष्टिविहिन भएका अपाङ्गता" | अपाङ्गताको प्रकृति नेपाल सरकारले १० प्रकार भनेर तोकेको र श्रवण दृष्टिविहिन वर्ग सवैभन्दा पछाडि परेको र गम्भिर प्रकृति भएको कारण यो वर्गको नाम लेखिदा मात्र समस्या पहिचान भइ त्यो प्रकृतिको विद्यालय पनि खोलिन्छ र श्रवण दृष्टिविहिनले पढ्न पाउने अधिकार सुनिश्चित हुने भएकोले । |
| ८ | २ | भ | | | उपदफा (भ) मा देहायको खण्ड थप: | उपदफा (भ) मा देहायका उपदफा थप गर्ने<br>(अ) "कक्षागत शिक्षक" - प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ३ सम्म कुनै एक कक्षालाई सबै विषय अध्यापन गराउने शिक्षक<br>(आ) "विषयगत शिक्षक" - कक्षा ४ देखि कक्षा १२ सम्म कुनै एक विषयको अध्यापन गराउने शिक्षक<br>(इ) "प्रशिक्षक" र "सहायक प्रशिक्षक" भन्नाले प्राविधिक धार (९-१२)मा प्रशिक्षण दिने वा सिकाउनेलाई जनाउछ।<br>(ई) "प्रशिक्षण सहायक" भन्नाले प्राविधिक धार (९-१२)मा प्रयोगशाला व्यवस्थ्या गर्नेलाई जनाउछ। | "शिक्षक" भन्नाले विद्यालयको अध्यापक, प्राविधिक धार (९-१२) मा प्रशिक्षण दिने प्रशिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण सहायकलाई सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउछ। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | ३ | २ | | | "...(२) उपदफा (१) बमोजिम स्थानीयतहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमारही विद्यालय सञ्चालनको लागि आवश्यकपर्ने स्रोतको सुनिश्चितताको आधारमा गर्नुपर्नेछ" | उपदफा (२) मा वाक्य थप गरी देहायको उपदफा (२) राख्ने:<br>"...(२) उपदफा (१) बमोजिम स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितताको आधारमा गर्नु पर्नेछ। राष्ट्रिय मापदण्ड तय गर्दा अपाङ्गतामैत्री विद्यालयको सुनिश्चितता गर्नु पर्नेछ र त्यस्ता विद्यालयको रुजु गरिएको सूची राख्नु पर्नेछ।" | अपाङ्गतामैत्री विद्यालयको सुनिश्चितता |
| १० | ३ | २ | | | उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने: | उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने:<br>(४) यो ऐन लागु भएको मितिले छ महिना भित्रमा राष्ट्रिय मापदण्ड बनाइसक्नु पर्ने छ। | राष्ट्रिय मापदण्डको कानुन चाँडै बन्न जरुरी भएकाले |
| ११ | ४ | ३ | | | "....यो ऐन प्रारम्भ भए पछि शैक्षिक गुठिको रुपमा रुपान्तरण गर्न सकिनेछ । " | उपदफा (३) को सट्टा देहायको व्यवस्था थप गर्ने:<br>(३) यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनी कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएको बीस वर्ष भित्रमा सार्वजनिक शैक्षिक गुठिको रुपमा रुपान्तरण गरि सञ्चालन गर्नुपर्नेछ। | समय तोक्न |
| १२ | ४ | ५ | | | "....यो ऐन प्रारम्भ भए पछि सार्वजनिक शैक्षिक गुठिको रुपमा रुपान्तरण गर्न सकिनेछ । " | उपदफा ३) को सट्टा देहायको व्यवस्था थप गर्ने:<br>यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएको २० वर्ष भित्रमा सार्वजनिक शैक्षिक गुठिको रुपमा रुपान्तरण गरि सञ्चालन गर्नुपर्नेछ। | राज्यबाट सबै बालबालिकाले शिक्षाको समान अवसर पाउनु पर्ने, नेपालको विद्यालय शिक्षा क्षेत्रमा मौलाउँदै गएको दुइखाले शिक्षा प्रणाली र यसबाट बालबालिकामाथि भएको विभेद अन्त्य गर्न र 'शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने' भनी नेपालको संविधानले धारा ५१ (ज २) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति किटान गरेकोले । |
| १३ | ४ | ७ | | | उपदफा (७) पछि देहायको उपदफा (८) र (९) थप गरी खण्डक्रम मिलाउने | उपदफा (७) पछि देहायको उपदफा (८) र (९) थप गरी खण्डक्रम मिलाउने;<br>८) विद्यालय सञ्चालन गर्नका लागि अनुमतिपत्र लिएर यो ऐन प्रारम्भ भएको एक वर्षसम्म सञ्चालन सुरु नगरेका विद्यालयहरुको अनुमतिपत्र रद्द हुनेछ।<br>९) यो ऐन प्रारम्भ भएको १ वर्षभित्र निजी लगानीका विद्यालयको सञ्चालनका लागि शर्तहरु तोकेर छुट्टै राष्ट्रिय मापदण्ड बनाई लागु गर्नुपर्नेछ। सो मापदण्ड यो ऐन लागु हुनु अघि वा पछि स्थापना र सन्चालन भएका सबै नीजि विद्यालयको हकमा लागु हुने छ। सो मापदण्ड बनाउँदा देहायका विषयहरु समेटिनु पर्नेछः<br>(क) निजी विद्यालय सञ्चालन गर्दा अनिवार्य रूपमा अपाङ्गतामैत्री संरचना<br>(ख) विद्यार्थीका माथि हुने बुलिङ, यौन दुर्व्यवहार र अन्य कुनै प्रकारका दुर्व्यवहार जस्ता संवेदनशील कुराहरुलाई सम्बोधन गर्न छुट्टै संकाय तथा संरचना<br>(ग) शैक्षिक सामाग्री (जस्तै किताब, कापी, स्कुल ड्रेस, ब्याग, स्टेशनरी आदि) सामाग्री खरिद गर्न अभिभावक र विद्यार्थीलाई पूर्ण स्वतन्त्रता हुनुपर्ने | विद्यमान अवस्थामा निजि विद्यालय दर्ता गरेर शिक्षा क्षेत्रमा भएको एकाधिकार निरुत्साहित गर्न र एकाधिकार तोड्न |
| १४ | ६ | १ | क | | खण्ड (क) पछि देहायको खण्ड (ख) थप्ने र खण्डक्रम मिलाउनेः | खण्ड (क) पछि देहायको खण्ड (ख) थप्ने र खण्डक्रम मिलाउनेः<br>(ख) भौगोलिक विकटताको कारणले विद्यालय जान नसक्ने बालबालिकाका लागि प्रारम्भिक कक्षा सञ्चालन गर्न समुदायमा आधारित कक्षा, | - प्रारम्भिक कक्षाका बालबालिका धेरै टाढा जान नसक्ने हुँदा समुदायमा आधारित प्रारम्भिक कक्षा सञ्चालन गर्दा सबैका लागि सहज तथा मितव्ययी हुन्छ ।<br>- बसाइसराइ तथा जनसंख्याको घट्दो क्रमले गर्दा धेरै कम बालबालिका भऐका विद्यालयहरू छन् |
| १५ | ६ | २ | | | (२) नेपाल सरकारबाट सुरक्षा निकायका कल्याणकारी कोषबाट नमूना विद्यालय विशिष्टीकृत विद्यालय वा यस्तै अन्य विशेष प्रकारका विद्यालय स्थापना गरी सञ्चालन गर्ने व्यवस्था गर्न सक्नेछ । | उपदफा (२) खारेज । देहायको उपदफा (२) राख्नेः<br>(२) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सुरक्षा निकायका कल्याणकारी कोषबाट प्रत्येक प्रदेशमा नवप्रवर्तनलाई प्राथमिकता दिने आवासीय विद्यालय स्थापना गरी सञ्चालन गर्नेछ। | नमुना तथा विशिष्टीकृत विद्यालय को परिभाषा नहुदा जुनसुकै विद्यालय लै पनि संविधानको मर्म बिपरित गएर संघ तथा प्रदेश ले जुनसुकै विद्यालयलाई नमुना र बिशेष विद्यालय घोषणा गर्न सक्ने |
| १६ | ७ | | | | स्पष्टिकरण | स्पष्टीकरण: यस ऐनको प्रयोजनका लागि "परम्परागत शिक्षा" भन्नाले संस्कृत धारमा पढाई हुने विद्यालयका अतिरिक्त गुरुकुल, गुम्बा, विहार, आश्रम तथा मदरसा लगायतका शैक्षिक संस्थामा अध्ययन हुने शिक्षालाई सम्झनु पर्छ। | विहारमार्फत हुने शिक्षा समेटिएको । |
| १७ | ७ | | | | देहायका उपदफा थपः | देहायका उपदफा थपः<br>(१) परम्परागत धारका विद्यालयहरूका लागि भिन्दै परम्परागत शिक्षा बोर्ड गठन गर्ने गरी ऐन बनाउन सकिने छ ।<br>(२) उपदफा (१) अनुसारको बोर्ड अन्तर्गत गुरुकुल महाशाखा, मदरसा महाशाखा र गुम्बा महाशाखाको व्यवस्था हुने व्यवस्था गर्न सकिने छ ।<br>(३) प्राविधिक शिक्षा प्रदान गर्दा व्यवहारिक तालिमका लागि, स्वरोजगार हुने सिप लगायतका अन्य तालिम दिँदा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँग सहकार्य गरि गर्नु सकिनेछ। | परम्परागत र प्राविधिक धारलाई अझ स्पष्ट बनाउनुपर्ने भएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | ८ | १ | | | उपदफा (१) को सट्टा देहायको दफा (१) राख्ने: | उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः<br>१) शिक्षणको माध्यमभाषा नेपाली, संस्कृत, मातृभाषा वा अंग्रेजी हुन सक्नेछ। दृष्टिसम्बन्धी अपाङ्गता भएका लागि ब्रेल र श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि सांकेतिक भाषा शिक्षणको माध्यम भाषा हुनुपर्नेछ। | माध्यमभाषा समावेशी नभएकोले |
| १९ | ८ | २ | | | उपदफा (घ) थपः | उपदफा (घ) थपः<br>(घ) मदरसा शिक्षाको हकमा अरबी तथा धार्मिक विषयको माध्यम भाषा अरबी र उर्दू हुनेछ। | माध्यमभाषा समावेशी नभएकोले |
| २० | ८ | २ | | | उपदफा (ङ) थपः | उपदफा (ङ) थपः<br>(ङ) जुन भाषामा शिक्षा लिईन्छ, त्यही भाषामा परीक्षा दिन पाउने। | २०७२ सालमा जारी भएको 'नेपालको संविधान' को भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत दफा ३२ मा भाषा तथा संस्कृतिको हक; 'प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ' लाई प्रत्याभूत गर्न र मातृभाषा शिक्षा लिने र परीक्षा दिन पाउने हक सुनिश्चित गर्नुपर्ने। |
| २१ | १० | २ | | | | उपदफा (२) खारेज गरिने। | |
| २२ | १२ | ४ | | | देहायको उपदफा (४) थप गरिनेः | देहायको उपदफा (४) थप गरिनेः<br>(४) परम्परागत शैक्षिक धारका सार्वजनिक शैक्षिक गुठीको हकमा समान उपधारका विद्यालयमा मात्र गाभ्न सकिने छ । | मद्रसा, गुम्बा, आश्रम, गुरुकुललाई फरक उपधारमा गाभ्न नहुने व्यवस्था वाञ्छनीय भएकोले |
| २३ | १४ | २ | | | उपदफा (२) मा वाक्य थपः | उपदफा (२) मा वाक्य थपः (२) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ । सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसक्ने भएमा त्यस्तो विद्यालयको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृतिमा स्थानीय तहले समान शैक्षिक उपधारको नजिकको अर्को कुनै सार्वजनिक शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्ने छ । यसको लागि सम्बन्धित स्थानीय समुदायको सहमति लिइने छ । | संघियता अनुरुप हुने भएकोले |
| २४ | १४ | ३ | | | "(३) अनुमति रद्द वा बन्द गरिएको सार्वजनिक विद्यालयको सम्पत्ति तथा गाभिएको वा गाभिने सार्वजनिक विद्यालयले......" | उपदफा (३) मा "नेपाल सरकारको स्वीकृति" हटाईएकोः<br>(३) अनुमति रद्द वा बन्द गरिएको सार्वजनिक विद्यालयको सम्पत्ति तथा गाभिएको वा गाभिने सार्वजनिक विद्यालयले उपयोग गर्न नसक्ने सम्पत्ति स्थानीय तहले अन्य सार्वजनिक विद्यालय वा सार्वजनिक शैक्षिक संस्था सञ्चालनको लागि उपयोग गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ । | संघियता अनुरुप हुने भएकोले |
| २५ | १५ | १ | | | "(१) सार्वजनिक विद्यालयले विद्यार्थीसँग शुल्क लिन पाउने छैन।" | दफा (१) सार्वजनिक विद्यालयले विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्नेछ। तर सार्वजानिक विद्यालयले विद्यार्थीको सिकाई गुणस्तर कायम गर्न सरकारको अनुदान पर्याप्त नभएमा स्रोत व्यवस्थापन गर्न अभिभावकसँग साझेदारी गर्न सकिनेछ। | सार्वजानिक विद्यालयले विद्यार्थीको सिकाई गुणस्तर कायम गर्न सरकारको अनुदान पर्याप्त नभएमा स्रोत व्यवस्थापन गर्न अभिभावकसँग साझेदारी गर्न सकिनेछ। |
| २६ | १६ | २ | | | प्रधानाध्यापकः... | उपदफा (२), (३), (४), (५) को सट्टा देहाय बमोजिम उपदफा (२), (३), (४), (५) राख्नेः<br>(२) प्रधानाध्यापकको छुट्टै दरबन्दी हुनेछ।<br>(३) प्रधानाध्यापकको छनोटका लागि शिक्षा सेवा आयोगले दफा १३४ (क) बमोजिम खुला प्रतिस्पर्धाबाट छनोट गर्ने गरी आयोगको वेबसाइटबाट विज्ञापन दिई आवेदन आह्वान गर्नेछ ।<br>(४) प्रधानाध्यापक नियुक्त हुनको लागि निम्न योग्यता हुनु पर्नेछ:<br>(क) विद्यालय शिक्षकका रुपमा कम्तीमा तीन वर्षको अनुभव भएका,<br>(ख) विशेष शिक्षा, समावेशी शिक्षा, प्राविधिक शिक्षा बारे अनुभव भएका,<br>(ग) अन्य योग्यताका मापदण्ड तोकिए बमोजिम हुनेछ।<br>यो ऐन प्रारम्भ हुंदाका बखत प्रधानाध्यापक भइसकेकाले उल्लेखित तालिमहरु ऐन प्रारम्भ भएको एक वर्ष भित्र लिनुपर्नेछ।<br>(५) उपदफा (२) बमोजिम छनोट समितिले प्रधानाध्यापक छनोट गर्दा निम्न योग्यता भएका उम्मेदवारलाई प्राथमिकता दिनु पर्नेछ:<br>(क) विद्यालय व्यवस्थापनको तालिम लिएका र विद्यालय व्यवस्थापनमा अनुभव भएका,<br>(ख) वित्तीय व्यवस्थापनको तालिम लिएका र वित्तीय व्यवस्थापनमा अनुभव भएका,<br>(ग) सार्वजनिक विद्यालयमा अनुभव भएका,<br>(घ) जुन क्षेत्रको प्रधानाध्यापकका लागि आवेदन दिइएको छ, सोही समुदाय वा क्षेत्रमा बसोबास गर्दै आएका वा सो क्षेत्रमा काम गर्दै आएको अनुभव भएका,<br>(ङ) विद्यालय सन्चालनमा नेतृत्वको भूमिका खेलेको अनुभव भएका,<br>(च) महिला र अन्य अल्पसंख्यक समूहलाई। | प्रधानाध्यापक जस्तो पदमा अध्यापन जति नै व्यवस्थापन पनि जान्न जरुरी भएकाले र राजनीतिक हस्तक्षेप हटाउनका तथा छनौट प्रक्रिया पारदर्शि बनाउनका लागि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | १६ | ५ | | | प्रधानाध्यापक:... | उपदफा (५) पश्चात् देहायका उपदफा (६), (७), (८), (९) र (१०) थप गरिने छ:<br>(६) उपदफा (४) बमोजिम छनोट भएको प्रधानाध्यापकले नियुक्ति लगत्तै विद्यालय सञ्चालन सम्बन्धी शिक्षा सेवा आयोगबाट तालिम लिनु पर्नेछ।<br>(७) प्रत्येक दुई वर्षमा प्रधानाध्यापकहरुको राष्ट्रिय शैक्षिक गुणस्तर मूल्याङ्कन तथा परीक्षण प्राधिकरणले तोकेको स्वतन्त्र अनुसन्धानकर्ताद्वारा मूल्याङ्कन गरिनेछ। सो को प्रतिवेदनले दफा ६१ बमोजिम शिक्षकको बढुवा र दफा ८४ बमोजिम चेतावनीको आधार पनि बन्नेछ।<br>(८) उपदफा (७) बमोजिम प्रधानाध्यापकको मूल्यांकन गर्ने कार्यसम्पादन मूल्याङ्कन फारम अनुसूची १ मा भएको ढाँचामा हुनेछ।<br>उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची १ बमोजिमको फारममा केहि मूल्यांकनका आधार थप गर्ने अधिकार स्थानीय तहसँग हुनेछ।<br>(९) (६) उपदफा (२) बमोजिम छनोट समितिले छनोट गरेको प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः<br>(क) विद्यालयको हरेक वर्षको शैक्षिक लक्ष्यहरु शैक्षिक वर्षको सुरुमा तय गर्ने,<br>(ख) विद्यालय सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिको सहकार्यमा खर्च जुटाउने,<br>(ग) विद्यालयको खर्चमा आवश्यक शिक्षक वा अन्य आवश्यक कर्मचारीको दरबन्दी तय गरि पदपूर्ति गर्ने,<br>(घ) विद्यालयको खर्चमा नियुक्त शिक्षक वा कर्मचारीले सन्तोषजनक कार्य नगरेमा, शिक्षकको कर्तव्य दफा ७२ बमोजिम पूरा नगरेका वा दुर्व्यवहार गरेमा निस्कासन गर्ने,<br>(ङ) विद्यालयमा कार्यरत सबै शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने,<br>(च) विद्यार्थीको शैक्षिक वातावरणलाई प्रभावकारी बनाउन शैक्षिक परामर्श सेवा, मानसिक स्वास्थ्य चिकित्सकको सेवा, दिवा खाजा सेवा, यौन दुर्व्यवहार विरुद्धको संकाय, पुस्तकालय, विशेष शिक्षा र समावेशी शिक्षा जस्ता सेवाहरुलाई सञ्चालन गर्ने,<br>(छ) विद्यालयमा स्वयम् सेवकका रुपमा स्थानीय तहका शिक्षाविद्हरुलाई, अभिभावकलाई वा विद्यालयबाट उत्तीर्ण भएकाहरु लाई विद्यालयको आवश्यकता अनुसार सेवामा राख्न सक्ने,<br>(ज) विद्यालयमा कार्यरत शिक्षकहरुको शैक्षिक र पेशागत प्रगतिका बारे शिक्षकले बनाएको वार्षिक योजनामा परामर्श दिने,<br>(झ) अन्य काम, कर्तव्य र अधिकार सम्बन्धित गाउँपालिका र नगरपालिकाले तोके बमोजिम हुनेछ।<br><br>(१०) यस दफा बमोजिम प्रधानाध्यापकको छनोट सम्बन्धी पाठ्यक्रम र अन्य मापदण्ड आयोगले निर्धारण गरे बमोजिम हुनेछ। | प्रधानाध्यापकको लाई योग्य बनाउन गर्नु पर्ने प्रक्रिया निर्धारण गर्न र काम, कर्तव्य र अधिकार तोकी स्पष्ट पार्न |
| २८ | १७ | १ | | | विद्यालय व्यवस्थापन समिति: (१) प्रत्येक सार्वजानिक विद्यालयमा अविभावकले आफूमध्येबाट छानेको व्यक्तिको संयोजकत्वमा सम्बन्धित स्थानीय तहमा स्थायी रुपमा बसोबास गरेको बुद्धिजीवी, शिक्षाप्रेमी तथा समाजसेवी मध्येबाट कम्तीमा दुईजना महिला समेत रहने गरि समावेशी सिद्धान्तका आधारमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ। | उपदफा (१) को सट्टा देखाएको उपदफा (१) राखिने छ:<br>विद्यालय व्यवस्थापन समिति: (१) प्रत्येक सार्वजनिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः<br>अभिभावकले आफूमध्येबाट छानेको व्यक्ति - अध्यक्ष<br>विद्यालयमा भर्ना भएका बालबालिकाका अभिभावक दुई जना महिला सहित चार जना - सदस्य<br>अपाङ्गता भएका विद्यार्थी भए तिनका अभिभावक मध्येबाट एक जना - सदस्य<br>प्राविधिक धारका विद्यार्थी भए तिनका अभिभावक मध्येबाट एक जना - सदस्य<br>स्थानीय तहमा स्थायी रुपमा बसोबास गर्ने शिक्षाविद्, शिक्षा क्षेत्रका अनुसन्धानकर्ताहरु वा विद्यालयदाता परिवारमध्येबाट विद्यालय दाता परिवार भए १ जना समेत गरि दुई जना - सदस्य<br>प्रधानाध्यापक - सदस्य<br>दलित वा अल्पसंख्यकबाट एक जना - सदस्य<br>कम्तीमा पचास प्रतिशत महिला समेत रहने गरि संवैधानिक समावेशी सिद्धान्तका आधारमा विद्यालयमा एक विद्यालय व्यस्थापन समिति रहनेछ। यदि विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थी नभएको खण्डमा सीमान्तकृत समुदायको विद्यार्थीको अभिभावक लाई सदस्यता दिईनेछ। | समितिका धेरै अधिकार भएकाले "बुद्धिजीवी र शिक्षाप्रेमी" जस्ता योग्यताले अपुग हुने भएकाले। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २९ | १७ | ४ | | | उपदफा (४) थप | उपदफा (४) थप गरि देहायको व्यवस्था गरिने:<br>(४) विद्यालय व्यवस्थापन समितिको काम देहाय बमोजिम हुनेछ;<br>(क) समितिको हरेक निर्णय बहुमतले पारित हुनुपर्ने र अध्यक्षले दैनिक कामकार्य बाहेकका निर्णय एकल स्वामित्वमा लिन नमिल्ने,<br>(ख) प्रधानाध्यापकको मूल्याङ्कन गर्ने,<br>(ग) विद्यालयको विकासका लागि रकम सङ्कलन गरि कोष खडा गर्न सक्ने,<br>(घ) विद्यालय सम्बन्धी पूर्वाधार विकासका काममा प्रधानाध्यापकको सहकार्य वा साझेदारीमा गर्न सक्ने,<br>(ङ) राष्ट्रिय शैक्षिक गुणस्तर मूल्याङ्कन तथा परीक्षण प्राधिकरणले बुझाउने प्रतिवेदन अध्ययन गरी विद्यालयले प्रतिवेदन बमोजिम आएका सुझाव वा आवश्यक परिवर्तन भए नभएको निगरानी गर्ने,<br>(च) अभिभावकहरुले गर्ने गुनासोको सुनवाई र सकेसम्म समाधान गर्ने,<br>(छ) विद्यालय प्रभावकारी रुपले सञ्चालन गर्नका लागि तोकिएबमोजिम अन्य कार्य गर्ने।<br><br>उपदफा (४)मा जेसुकै लेखिएता पनि विद्यालय व्यवस्थापन समितिले शिक्षकको नियुक्ति, छनोट वा सिफारिस सम्बन्धी कुनै काम गर्न पाउने छैन। | विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य ऐनमा नै स्पष्ट पार्नु पर्ने भएकोले |
| ३० | २० | | | | "प्रारम्भिक बालविकास केन्द्र:...." | दफा (२०) को सट्टा देहायको दफा (२०) राख्ने:<br>प्रारम्भिक कक्षा:<br>(१) स्थानीय तहले राष्ट्रिय तहको मापदण्डको अधिनमा रही आवश्यकताको आधारमा समुदायमा प्रारम्भिक कक्षा सञ्चालन गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम अनुमति पाएका बाल केन्द्र कक्षा १ देखि ८ सम्म वा १ देखि १२ सम्मै पढाइ हुने विद्यालयमा राख्न सकिन्छ।<br>(३) यो ऐन प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्र लाई सम्बन्धित स्थानीय तहले प्रत्येक विद्यालयमा एक भन्दा बढी नहुने गरि समायोजन तथा पुनर्वितरण गर्न सक्नेछ।<br>(३) विद्यालयले बालबालिकाको संख्याको आधारमा शिक्षक तथा पूर्वाधारको सुनिश्चितता सहित प्रारम्भिक बालविकास तथा शिक्षा सहितको प्रारम्भिक कक्षा सञ्चालन गर्न सक्नेछ ।<br>(४) अनिवार्य रूपमा अपाङ्गताको विविधताबारे दक्षता भएका शिक्षक र कर्मचारीहरू राखिनुपर्ने र शिक्षकलाई यसबारे तालिम प्रदान गरिनु पर्नेछ।<br>(५) प्रारम्भिक कक्षामा कक्षागत शिक्षकको संख्या तथा पारिश्रमिक, सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ । | शिशुको तीव्र बुद्धिविकास हुने उमेरमाम उचित प्रारम्भिक कक्षा दिन सके दीर्घकालीन विकासमा उच्च लाभ हुने भएकोले |
| ३१ | २२ | | | | दफा २२ को सट्टा देहायको दफा (२२) राखिने छः | दफा २२ को सट्टा देहायको दफा (२२) राखिने छः<br>(१) साविक जिल्ला शिक्षा कार्यालयको काम कर्तव्य प्रदेश र स्थानिय तहको शिक्षा हेर्ने विभागमा बाँडफाँड गरिनेछ ।<br>(२) उपदफा (१) बमोजिमको शिक्षा कार्यालयको काम र कर्तव्य देहाय बमोजिम हुनेछः<br>(क) प्रदेश शिक्षा विभागका काम कर्तव्य र अधिकार<br>(अ) प्रदेशको सम्पूर्ण विद्यालयको शैक्षिक तथ्याङ्क सङ्कलन गर्ने र विद्युतीय अभिलेख राख्ने<br>(आ) शिक्षा सेवा आयोग तथा राष्ट्रिय शैक्षिक गुणस्तर मूल्याङ्कन तथा परीक्षण प्राधिकरणले राख्ने एकृकित अभिलेखमा प्रदेशका सबै तथ्याङ्क तोकिएको ढाँचामा समयावधिभित्र पठाउने<br>(इ) विद्यालय शिक्षामा कार्यरत शिक्षक तथा अन्य जनशक्तिको क्षमता विकास सम्बन्धी काम गर्ने<br>(ई) सार्वजानिक विद्यालयको सम्पत्तिको अभिलेख राख्ने<br>(उ) स्थानीय तहसँग समन्वय गरी सार्वजनिक विद्यालय, शिक्षक तथा विद्यार्थीको अनगुमन तथा सुपरिवेक्षण गर्ने<br>(ऊ) शिक्षकहरुको गुनासो सुन्नका लागि संयन्त्रको विकास गर्ने<br><br>(ख) स्थानिय शिक्षा विभागका काम कर्तव्य र अधिकार<br>(अ) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने<br>(आ) विद्यालयको नक्साङ्कन सम्बन्धी काम गर्ने<br>(इ) विद्यार्थीको सिकाई समावेशी रुपमा उपलब्धीको मूल्याङ्कन सम्बन्धी कार्यको सहजीकरण गर्ने<br>(ई) मुल्याङ्कनबाट उत्कृष्ट देखिएका शिक्षक तथा विद्यालयलाई पुरस्कार तथा प्रोत्साहनको सिफारिस गर्ने<br>(उ) अभिभावकहरुले विद्यालयका बारे कुनै गुनासोको सुनुवाई गर्ने<br>(ऊ) कमजोर विद्यार्थीलाई सहायता गर्न अवकास प्राप्त शिक्षक, पेन्सन पाइरहेका निजामती कर्मचारी वा अन्य स्वयंसेवक बाट नियमित कक्षाबाहेक टोलटोलमा विशेष सहायता कक्षा सञ्चालन गर्ने<br><br>(३) उपदफा (२) बमोजिम कार्य गर्न आवश्यक कर्मचारीको पदपूर्ति प्रदेशको शिक्षा हेर्ने मन्त्रालय र स्थानीय निकायले गर्नेछ ।<br>(४) उपदफा (२) बमोजिमको काम कारवाही गर्दा प्रदेश र स्थानीय शिक्षा कार्यालयले समन्वय गर्नुपर्नेछ। | संघियताको मर्म अनुरुप प्रदेश र स्थानिय तहको शिक्षा सम्बन्धी विभागलाई जिम्मेवारी दिन उचित भएकोले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | २३ | २ | ६ | | खण्ड (६) को सट्टा देहायको खण्ड (६) राख्ने: | खण्ड (६) को सट्टा देहायको खण्ड (६) राख्ने:<br>(६) नेपालमा रहेका राष्ट्रिय मान्यता प्राप्त विश्वविद्यालयहरु मध्येबाट पाठ्यक्रम विकास केन्द्र प्रमुख - सदस्य | त्रिभुवन विश्वविद्यालय मात्र नभई अन्य विश्वविद्यालयलाई पनि समावेश गर्न सकिने |
| ३३ | २३ | २ | झ | | खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्ने: | खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्ने:<br>(झ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीममा विशेष योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट अध्यक्षले मनोनीत गरेका मध्ये एक जना, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य | प्रशासनिक अनुभवभन्दा पाठ्यक्रम बारे प्राविधिक ज्ञान महत्त्वपूर्ण हुने भएकाले |
| ३४ | २३ | २ | ञ | | खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्ने: | खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्ने:<br>(ञ) सार्वजनिक शैक्षिक गुठी अन्तर्गतका परम्परागत शैक्षिक धारका सबै उपधार (गुरुकुल, गुम्बा, मद्रसा, विहार) र संस्कृत धारका सञ्चालकहरूबाट मन्त्रालयले मनोनित गरेको एक–एकजना गरी कुल चारजना सदस्य | विहार थप गर्नुपर्ने |
| ३५ | २३ | २ | ट | | खण्ड (ञ) पछि देहायको (ट) थप गरी खण्ड क्रम मिलाउने: | खण्ड (ञ) पछि देहायको (ट) थप गरी खण्ड क्रम मिलाउने:<br>(ट) प्राविधिक, विशेष र वैकल्पिक शिक्षा र शैक्षिक पद्धति सम्बन्धी विज्ञहरु मध्येबाट खुला आवेदनबाट मन्त्रालयले छनोट गरेको कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य | प्राविधिक, विशेष र वैकल्पिक शिक्षा र शैक्षिक पद्धति सम्बन्धी विज्ञहरु को आवश्यकता नेतृत्वमा हुने भएकाले |
| ३६ | २३ | २ | | | खण्ड (ड) पछि देहायको खण्ड (ढ) र (ण) थप्ने: | खण्ड (ड) पछि देहायको खण्ड (ढ) र (ण) थप्ने:<br>(ढ) विद्यालय व्यवस्थापन समिती महासंघ मार्फत कम्तिमा स्नातक अध्ययन पूरा गरेका अभिभावक - एक सदस्य<br>(ण) राष्ट्रिय शिक्षा पुरस्कार बाट विभुषित विद्यालयहरुमा मध्येबाट आधारभूत र माध्यमिक विद्यालयमा अध्यपान गराउने शिक्षक प्रतिनिधि - चार सदस्य | सदस्यमा सरोकारावालाहरु थप गर्नुपर्ने |
| ३७ | २३ | ३ | | | "(३) उपदफा (१) को खण्ड (ज), (ञ) र (ठ) बमोजिमक | उपदफा (३) को सट्टा देहायको (३) राखिने छ:<br>(३) उपदफा (१) को खण्ड (ज), (ञ), (ठ), (ढ) र (ण) बमोजिमका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ। निजहरु पुनः एक पटक मनोनीत हुन सक्नेछन्। | खण्डहरु मिलाउनु पर्ने |
| ३८ | २३ | ५ | | | राष्ट्रिय पाठ्यक्रम परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ। | दफा २३ को (५) को सट्टा देहाएको उपदफा राखिने छ:<br>(५) राष्ट्रिय पाठ्यक्रम परिषद्को बैठक कम्तीमा वर्षको दुईपटक बस्नेछ। | कार्यसम्पादन कैशलताका लागि |
| ३९ | २४ | क | | | २४ (क) विद्यालय तहमा अध्यापन हुने सामान्य तथा प्राविधिक विषयको पहिचान गर्ने | दफा २४ को (क) को सट्टा देहाएको व्यवस्था राखिने छ:<br>(क) भविष्यमा स्वरोजगार बनाउने वा थप रोजगारी सिर्जना गर्नका लागि आवश्यक पर्ने सीपको विकास गर्ने गरी विद्यालय तहमा अध्यापन हुने सामान्य तथा प्राविधिक विषयको पहिचान गर्ने, | पाठ्यक्रम विकासलाई दूरदर्शी र फलदायक बनाउनका लागि |
| ४० | २४ | ख | | | दफा २४ (ख) "विद्यालयमा लागू गरिने राष्ट्रिय पाठ्यक्रम प्रारूप, पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने," | दफा २४ को (ख) को सट्टा देहाएको व्यवस्था राखिने छ: (ख) विद्यालयमा लागू गरिने राष्ट्रिय पाठ्यक्रम प्रारूप, पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने, यसरी पाठ्यक्रम र पाठ्यसामग्री बनाउँदा पहुँचयुक्ततालाई ध्यानमा राखिनुपर्ने | पाठ्यक्रम विकासलाई दूरदर्शी र फलदायक बनाउनका लागि |
| ४१ | २४ | ग | | | २४ (ग) पाठ्यक्रम निर्माणको लागि प्रक्रिया निर्धारण गरि आवश्यकता अनुसार विषयगत समिति वा उपसमिति गठन गर्ने | दफा २४ को (ग) को सट्टा देहाएको व्यवस्था राखिने छ:<br>(ग) पाठ्यक्रम निर्माणको लागि प्रक्रिया निर्धारण गरि पाठ्यक्रम विकास केन्द्रको समन्वयमा आवश्यकता अनुसार विषयगत समिति वा उपसमिति गठन गरिनेछ । | परिषद् र केन्द्र बीच समन्वय लाई प्रभावकारी बनाउनका लागि |
| ४२ | २४ | घ | | | २४ (घ) पाठ्यसामग्री लेखन तथा निर्माण सम्बन्धी लेखक तथा विज्ञ छनोटको मापदण्ड<br>निर्धारण गर्ने | दफा २४ को (घ) को सट्टा देहाएको व्यवस्था राखिने छ:<br>(घ) पाठ्यक्रम विकास केन्द्र गठन गर्ने मापदण्ड दफा २५ बमोजिम योग्यता पुगेका व्यक्तिहरु खुला आवेदनबाट सदस्यका रुपमा हरेक तीन वर्षमा छनोट गर्ने | समय सीमा तोक्न र न्युक्ति प्रक्रिया पारदर्शी बनाउन |
| ४३ | २४ | ङ | | | २४ (ङ) पाठ्यक्रम तथा पाठ्यसामग्रीको गुणस्तर सुधार गर्ने | दफा २४ को (ङ) को सट्टा देहाएको व्यवस्था राखिने छ:<br>(ङ) राष्ट्रिय शैक्षिक गुणस्तर मूल्याङ्कन तथा परीक्षण प्राधिकरणले पेश गरेको प्रतिवेदनमा भएको सुझाव समावेश गरि पाठ्यक्रम तथा पाठ्यसामग्रीको गुणस्तर सुधार गर्ने | शैक्षिक गुणस्तर मापन गर्ने निकाय र पाठ्यक्रम विकास बीच समन्वय आवश्यकता भएकाले |
| ४४ | २४ | ङ | | | खण्ड (ङ) पछि खण्ड देहायको खण्ड (च) र (छ) थप गरी खण्डक्रम मिलाइनेछ; | खण्ड (ङ) पछि खण्ड देहायको खण्ड (च) र (छ) थप गरी खण्डक्रम मिलाइनेछ;<br>(च) पाठ्यक्रम विकास गर्दा अनिवार्य रुपमा यौन शिक्षा र यौन दुर्व्यवहार सम्बन्धी विषय समावेश गर्नुपर्ने,<br>(छ) प्राविधिक शिक्षा अन्तर्गत पाठ्यक्रम विकास गर्दा विद्यार्थीलाई आर्थिक सक्षमता र पेशागत दक्षता सिकाउन "सिक र कमाउ" जस्ता कार्यक्रम समावेश गर्ने, | विद्यार्थीलाई यौन शिक्षा र सिर्जनात्मक सिप सिक्ने अवसर अपरिहार्य भएकाले |
| ४५ | २४ | च | | | "(च) पाठ्यक्रम तथा पाठ्यसामग्री व्यावहारिक, व्यावसायिक, उपयोगी, र शिक्षामूलक भए नभएको परीक्षण गर्ने वा गराउने," | दफा २४ को (च) को सट्टा देहाएको व्यवस्था राखिने छ:<br>(च) पाठ्यक्रम तथा पाठ्यसामग्री व्यवहारिक, व्यावसायिक, उपयोगी, शिक्षामूलक र अपाङ्गमैत्री भए नभएको परीक्षण गर्ने वा गराउने, | अपाङ्गता भएका बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न । |
| ४६ | २५ | २ | | | पाठ्यक्रम विकास केन्द्र | उपदफा (२) को सट्टा देहाय बमोजिम उपदफा (२) राख्ने:<br>(२) पाठ्यक्रम विकास केन्द्रको गठन देहाय बमोजिम हुनेछ:<br>(क) नेपाल शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - प्रमुख<br>(ख) दफा २३ को २(ञ) र २(ट) बमोजिम मनोनीत राष्ट्रिय पाठ्यक्रम परिषद्का छ सदस्यहरु - सदस्य<br>(ग) विषयगत विभाजन गरी हरेक विषयमा २ विज्ञहरु गरेर कम्तीमा ५० प्रतिशत महिला सहित ३० जना - सदस्य<br>(घ) प्राविधिक शिक्षाका विज्ञहरु कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य | राजनीतिकरण हटाउन र नियुक्ति प्रक्रिया पारदर्शी बनाउन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | २५ | ३ | | | पाठ्यक्रम विकास केन्द्रको नियुक्ति योग्यता | उपदफा (३) को सट्टा देहाय बमोजिम उपदफा (३), (४) थप गर्ने:<br>(३) उपदफा २(ग) र (घ) बमोजिम पाठ्यक्रम विकास केन्द्रमा शिक्षा क्षेत्रमा शिक्षक, शिक्षाविद् वा शिक्षाका क्षेत्रमा अनुसन्धानकर्ताका रुपमा न्युनतम १० वर्ष काम गरेको अनुभव भएका व्यक्तिहरु सदस्य बन्न योग्य हुनेछन् ।<br><br>(४) पाठ्यक्रम विकास केन्द्रका सदस्यका सेवा सुविधा देहाए बोमजिम हुनेछ<br>(क) यो केन्द्रका सदस्यहरु को अवधि तीन वर्षको हुनेछ।<br>(ख) सदस्यहरुले दुई कार्यकाल भन्दा बढि यो केन्द्रको सदस्य बन्न पाउनु हुनेछैन।<br>(ग) सदस्यहरु करारमा नियुक्त हुनेछन्।<br>(घ) सदस्यका सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | राजनीतिकरण हटाउन, प्रक्रिया पारदर्शी बनाउन र सदस्यका सेवा सुविधा तोक्न |
| ४८ | २५ | ३ | | | पाठ्यक्रम विकास केन्द्रको काम कर्तव्य र अधिकार | उपदफा (३) पछि देहाएको उपदफा थप हुनेछ:<br>(५) पाठ्यक्रम विकास केन्द्रका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;<br>(क) लेखन तथा निर्माण सम्बन्धी लेखक तथा विज्ञ छनोटको मापदण्ड निर्धारण गरी पाठ्यक्रम विकास केन्द्रका सदस्य मध्येबाट छनोट गर्ने<br>(ख) केन्द्रको बैठक वर्षमा कम्तीमा चार चोटी र आवश्यकता अनुसार बस्न सक्नेछ<br>(ग) घोकन्ते विद्या प्रणाली भन्दा सिकाई केन्द्रित शिक्षा पद्धति र पाठ्यक्रमको ढाँचा निर्धारण गर्ने<br>(घ) आजीवन सिकाइ, रचनात्मक समस्या समाधान, विद्यार्थीहरूको पढ्ने, बुझ्ने, विश्लेषण गर्ने र आलोचनात्मक चेत र मूल्य मान्यता प्रवर्द्धन गर्न केन्द्रित पाठ्यक्रम निर्धारण गर्ने<br>(ङ) आगामी दश वर्षको रोजगारीको अवसर बारे अध्ययन गरी तथ्याङ्कको आधारमा हरेक वर्ष पाठ्यक्रम अद्यावधिक गर्ने<br>(च) पाठ्यक्रममा कुन सीपहरू आवश्यक छन् भनेर पहिचान गर्न प्रत्येक विषयसँग सम्बन्धित उद्यमीहरूसँग समन्वय गर्ने<br>(छ) पाठ्यक्रम लेखन तथ निर्माण गर्ने<br>(छ) राष्ट्रिय शैक्षिक गुणस्तर मूल्याङ्कन तथा परीक्षण प्राधिकरणद्वारा गरिएको निरीक्षणको नतिजा अध्ययन गरेर पाठ्यक्रम अद्यावधिक गर्ने<br>(ज) पाठ्यक्रम विकासका क्रममा विद्यालयहरू, विद्यालय व्यवस्थापिका समिति र सर्वसाधारणबाट प्रतिक्रियाका लागि खुला आह्वान गरी उचित सुझावलाई पाठ्यक्रम विकासमा समावेश गर्ने<br>(झ) केन्द्रका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ | पाठ्यक्रम विकास केन्द्र देशको शिक्षा प्रणालीमा अत्यन्तै महत्त्वपूर्ण हुनाले सो को काम, कर्तव्य विस्तारका साथ व्याख्या गर्नु पर्ने भएकाले |
| ४९ | २६ | १ | | | शैक्षिक गुणस्तर परीक्षण केन्द्र: (१) विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहनेछ। | दफा २६ को (१) को सट्टा देहायको व्यवस्था राखिने छ:<br>१) विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण, आवधिक रुपमा विभिन्न तह र विषयमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण, विद्यालयहरूको व्यवस्थापन परीक्षण, प्रधानाध्यापकहरूको कार्यसम्पादन स्तर, शिक्षक तालिम, पालिकाहरुको शैक्षिक स्तर मूल्याङ्कन तथा अन्य शैक्षिक अनुसन्धान लगायतका काम गर्नका लागि एक स्वायत्त राष्ट्रिय शैक्षिक गुणस्तर मूल्याङ्कन तथा परीक्षण प्राधिकरणको स्थापना गरिनेछ । | केन्द्र भन्दा प्राधिकरणको हक र अधिकार अझै धेरै भएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५० | २६ | २ | | | उपदफा (२) र (३) को सट्टा देहायको (२) र (३) राखी अन्य उपदफा पनि थप गर्ने | उपदफा (२) र (३) को सट्टा देहायको (२) र (३) राखी अन्य उपदफा पनि थप गर्ने:<br>(२) उपदफा (१) बमोजिमको प्राधिकरणले विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षण, विद्यालयको परीक्षण, विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि तथा अपाङ्गतामैत्री गुणस्तरको परीक्षण गरी प्रतिवेदन मन्त्रालय, राष्ट्रिय पाठ्यक्रम परिषद् र राष्ट्रिय परिक्षा बोर्डमा हरेक वर्ष पेश गर्नुपर्नेछ र सम्बन्धित स्थानीय तहलाई प्रतिवेदन सार्वजनिक भएको जानकारी उपलब्ध गराउनु पर्ने छ।<br>(३) विद्यालय शिक्षाको गगुस्तर सुधार सम्बन्धी मन्त्रालय वा कुनै निकायले योजना र कार्यक्रम तर्जुमा गर्दा सम्बन्धित निकायले प्राधिकरणलेले सार्वजानिक गरेको विद्यालयको परीक्षण तथा विद्याथीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणको प्रतिवेदन समेतलाई आधार मान्नुपनेछ।<br>(४) नेपाल सरकारले शिक्षा नीति तथा योजनाहरू तर्जुमा गर्दा तथा वार्षिक कार्यक्रम मार्फत प्राधिकरणका अनुसन्धान र सिफारिसहरुको कार्यान्वयन गर्नुपर्नेछ ।<br>(५) नेपाल सरकार तथा मातहतका निकायहरूले प्राधिकरणलाई आवश्यक विवरणहरू उपलब्ध गराउनुपर्नेछ ।<br>(६) प्राधिकरणले उपदफा (२) बमोजिम राष्ट्रिय पाठ्यक्रम परिषद् र राष्ट्रिय परिक्षा बोर्डमा प्रतिवेदन पेश गरेको ६ महिना पछि फलोअप गर्नुपर्नेछ। राष्ट्रिय पाठ्यक्रम परिषद् र राष्ट्रिय परिक्षा बोर्डले प्रतिवेदनका सिकाईलाई विश्लेषण गरी आवश्यक कदम नलिएको खण्डमा प्राधिकरणले मन्त्रालयमा गुनासो गर्न सक्नेछ।<br>(७) उपदफा (१) बमोजिम विद्यालयहरुको परीक्षण गर्दा केन्द्रले अनुसूची मूल्यांकन फारमद्वारा गर्नेछ र सो फारममा अन्य मूल्यांकनका आधार थप गर्ने अधिकार केन्द्रसँग रहनेछ ।<br>(८) प्राधिकरणले उपदफा (१) बमोजिम परिक्षण गर्नका लागि नेपाल भरिका विद्यालयको संख्या ध्यानमा राखी आवश्यकता अनुसार परीक्षकहरुलाई खुला आह्वान गरि शिक्षा, समाज सेवा जस्ता विषयमा स्नाकोत्तर गरेको र शिक्षा क्षेत्रमा कार्यरत शिक्षक, व्यस्थापन वा अन्य रुपमा कम्तिमा ३ वर्षको अनुभव भएका व्यक्तिलाई करारमा नियुक्त गर्नेछ।<br>(९) उपदफा (६) बमोजिम नियुक्त भएका परीक्षकहरुलाई प्राधिकरणले परीक्षण वा मूल्यांकन मापदण्डमा कम्तिमा ३ महिनाको तालिम प्रदान गर्नेछ।<br>(१०) उपदफा (१) बमोजिमको परिक्षणको नतिजा, प्रतिवेदन तथा संकलित सबै तथ्याङ्कको विद्युतीय अभिलेख राखी आफ्नो वेभसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ ।<br>(११) प्राधिकरणमा एक प्रमुख आयुक्तसहित तीन जना आयुक्तहरू जसमध्ये रहनेछन्, जसमध्ये ५०% महिला हुनेछन् ।<br>(१२) शैक्षिक तथा समाज विज्ञानको अनुसन्धान क्षेत्रमा ख्यातीप्राप्त प्राध्यापकहरुमध्येबाट खुला प्रतिस्पर्धामार्फत आयुक्तहरूको नियुक्ति हुनेछ । नियुक्ति र सेवा शर्तका अन्य विषयहरू तोकिएबमोजिम हुनेछन् ।<br>(१३) प्राधिकरणमा आवश्यक अनुसन्धाकर्ताहरू र अन्य जनशक्तिको व्यवस्था प्राधिकरण आफैले गर्नेछ ।<br>(१४) प्राधिकरणका लागि आवश्यक बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ ।<br>(१५) प्राधिकरण सम्बन्धी अन्य व्यवस्थाहरू तोकिएबमोजिम हुनेछन् ।<br>(१६) हालको शैक्षिक गुणस्तर परीक्षण केन्द्र प्राधिकरणमा रुपान्तरण हुनेछ । | प्राधिकरणका काम, कर्तव्य, अधिकार र गठनलाई विस्तृत रुपमा व्याख्या गर्न आवश्यक भएकाले |
| ५१ | २७ | १ | | | उपदफा (१) को सट्टा देहायको (१) राखिने छः | उपदफा (१) को सट्टा देहायको (१) राखिने छः<br>(१) नेपाल सरकारले मूल विषय भनि तोकेका विषयहरुको शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुनेछ। प्रदेशले तोकेका ऐच्छिक विषयहरुको प्रदेश तहले र स्थानीय तहले तोकेका विषयहरुको स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन गर्नेछन्। | मूल विषयहरु - कर्णाली देखि झापा सबै सम्म एकरुपता ल्याउन; विद्यार्थीको सिकाई गाउ देखि शहर सम्म समान हुनु पर्ने र मूल्याङ्कन गर्ने निकाय पनि एउटै हुनु पर्ने। संघियता अनुरुप |
| ५२ | २७ | २ | | | उपदफा (२) को सट्टा देहायको (२) राखिने छः | उपदफा (२) को सट्टा देहायको (२) राखिने छः<br>(२) परिक्षाका सामाग्री निर्माण गर्दा अपाङ्ग व्यक्तिहरुका आवश्यकता समेटी ठूलोछापा, प्रविधि र पहुँचयुक्त ढाँचामा निर्माण गरिनेछ। | अपाङ्गगामैत्री शिक्षा सामाग्री हुनुपर्ने भएकाले |
| ५३ | २८ | १ | | | उपदफा (१) को सट्टा देहायको उपदफा (१) रहनेछः | उपदफा (१) को सट्टा देहायको उपदफा (१) रहनेछः<br>(१) विद्यालय शिक्षाको परिक्षा प्रणाली, परिक्षा पद्धति, विद्यार्थीको बोल्ने, पठन, लेखन, विश्लेषण, आलोचनात्मक सोच, रचनात्मक समस्या समाधान, नेतृत्व कौशल जस्ता विभिन्न योग्यतामा आधारित शिक्षा प्रणाली अन्तर्गत क्षमता मापन गर्ने, परिक्षा सञ्चालन, व्यवस्थापन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्न तथा परीक्षाको विषयमा राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण र गुणस्तर नियन्त्रणको विषयमा परामर्श दिनका लागि राष्ट्रिय परिक्षा बोर्ड रहनेछ। | योग्यतामा आधारित शिक्षा प्रणाली लागु गर्न परिक्षा बोर्डको अवधारणा पुनर्विचार गर्नुपर्ने |
| ५४ | २८ | २ | ङ | | खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिने छः | खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिने छः<br>(ङ) प्रमुख र प्रमुखले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित पाठ्यक्रम विकास केन्द्रका तीन सदस्यहरु - सदस्य | पाठ्यक्रम विकास केन्द्र को भुमिका महत्त्वपूर्ण हुने भएकाले |
| ५५ | २८ | २ | च | | खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिने छः | खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिने छः (च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीममा विशेष योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट अध्यक्षले मनोनीत गरेका मध्ये एक जना, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् - सदस्य | प्रशासनिक अनुभवभन्दा पाठ्यक्रम बारे प्राविधिक ज्ञान महत्त्वपूर्ण हुने भएकाले |
| ५६ | २८ | २ | झ | | खण्ड (झ) पछि देहायको (ञ) थप गरि खण्डक्रम मिलाउनेः | खण्ड (झ) पछि देहायको (ञ) थप गरि खण्डक्रम मिलाउनेः<br>(ञ) अपाङ्गगता क्षेत्रका शिक्षाविद् मध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना - सदस्य | अपाङ्गगामैत्री शिक्षा प्रणाली र समावेशी नेतृत्व हुनुपर्ने भएकाले |
| ५७ | २८ | ७ | | | उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिने छः | उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिने छः<br>(७) बोर्डको बैठक वर्षमा कम्तीमा पनि ४ पटक बस्नेछ। बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ। | कार्यसम्पादनलाई कुशल बनाउनका लागि |
| ५८ | २८ | ८ | | | उपदफा (८) थपः | उपदफा (८) थपः<br>(८) पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परिक्षा बोर्ड को संयुक्त बैठक वर्षमा कम्तिमा दुई पटक र त्यसबाहेक आवश्यकता अनुसार बस्नेछ। | पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परिक्षा बोर्ड बीच समन्वयका लागि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५९ | ३० | १ | क | | उपदफा १(क) को सट्टा देहायको देहायको उपदफा १(क) राखिने छः | उपदफा १(क) को सट्टा देहायको देहायको उपदफा १(क) राखिने छः<br>(क) राष्ट्रिय पाठ्यक्रम परिषद्ले विकास गरेको पाठ्यक्रमलाई आधार मानेर शिक्षाको परिक्षा प्रणाली, परिक्षा पद्धति, विद्यार्थीको बोल्ने, पठन, लेखन, विश्लेषण, आलोचनात्मक सोच, रचनात्मक समस्या समाधान, नेतृत्व कौशल जस्ता विभिन्न योग्यतामा आधारित शिक्षा प्रणाली अन्तर्गत क्षमता मापन गर्ने विषयमा अध्ययन र अनुसन्धान गरी परिक्षाको मापदण्ड निर्धारण गर्ने, | शिक्षा प्रणाली र परिक्षाको मापदण्ड र मूल्याङ्कनलाई दूरदर्शी र अध्ययनमा आधारित बनाउनका लागि |
| ६० | ३० | १ | | | उपदफा १(ख) को सट्टा देहायको देहायको उपदफा १(ख) राखिने छः | उपदफा १(ख) को सट्टा देहायको देहायको उपदफा १(ख) राखिने छः<br>(ख) विद्यालयको कुन तहहरुमा परिक्षाको आवश्यकता छ बारे अध्ययन गरी विद्यालय तहको परिक्षा सम्बन्धी नीति निर्धारणका लागि मन्त्रालयलाई आवश्यक परामर्श उपलब्ध गराउने, | शिक्षा प्रणाली र परिक्षाको मापदण्ड र मूल्याङ्कनलाई दूरदर्शी र अध्ययनमा आधारित बनाउनका लागि |
| ६१ | ३० | १ | ङ | | दफा ३० (ङ) को सट्टा देहायको देहायको दफा (ङ) राखिने छः | दफा ३० (ङ) को सट्टा देहायको देहायको दफा (ङ) राखिने छः<br>ङ) परीक्षाका लागि चाहिने परीक्षा साधन (टेष्ट आईटम) निर्माण र स्तरीकरण गर्ने, रजिस्ट्रेशनका सामाग्री पहुँचयुक्त ढाँचामा अपाङगमैत्री उपलब्ध हुनुपर्ने; | शिक्षा प्रणाली र परिक्षाको मापदण्ड र मूल्याङ्कनलाई दूरदर्शी र अध्ययनमा आधारित बनाउनका लागि |
| ६२ | ३० | १ | ज | | खण्ड (ज) पछि देहायको खण्ड (झ), (ञ), (ट) र (ठ) थप गर्नेः | खण्ड (ज) पछि देहायको खण्ड (झ), (ञ), (ट) र (ठ) थप गर्नेः<br>(झ) परीक्षामा अपाङ्गता अनुकूलता, अपाङ्गताको प्रकृति अनुसार वातावरणको व्यवस्था गर्न सहजिकरण गर्न जस्तै परीक्षाहल, फर्निचर, आरामदायी शान्त वातावरण सुनिश्चित गर्ने<br>(ञ) विद्यार्थीको दक्षता मूल्याङ्कन गर्ने नयाँ शैक्षिक विधिहरू सम्बन्धी वार्षिक अनुसन्धान गर्ने र सक्षमतामा आधारित शिक्षा मूल्याङ्कन ढाँचातर्फ शिक्षा प्रणालीलाई लैजाने,<br>(ट) विद्यार्थी कमजोर भएका क्षेत्रहरू पहिचान गर्ने (जस्तैः अनुसन्धान गर्ने क्षमता, पढ्ने सक्ने, विश्लेषण गर्न सक्ने, आलोचनात्मक रचना, लेखन, गणितीय विश्लेषण क्षमता, आदि) र वार्षिक प्रतिवेदन निकाल्ने<br>(ठ) विद्यार्थीलाई चाहिने सहयोगका क्षेत्रहरु पहिचान र सहयोग पुर्‍याउन बोर्डले गरेको अनुसन्धान र प्रतिवेदन स्थानीय तह, पाठ्यक्रम विकास केन्द्र र प्रदेश मन्त्रालय अन्तर्गत शिक्षा हेर्ने निकायलाई पठाउने | समावेशी र विद्यार्थीको हितमा केन्द्रित भएर परिक्षा मापदण्ड र मूल्यांकन बनाउनका लागि |
| ६३ | ३३ | ५ | | | दफा ३३ को उपदफा (५) थपः | दफा ३३ को उपदफा (५), (६) र (७) थपः<br>(५) यो ऐन प्रारम्भ हुँदाका बखत बोर्डको स्वीकृत दरबन्दीमा अस्थायी प्रकृतिमा (अस्थायी, ज्यालादारी र करार) नियुक्ति भइ कार्यरत कर्मचारीका हकमा स्थायी दरबन्दीका कोटामा आन्तरिक प्रतिस्पर्धामा भाग लिन चाहेमा अस्थायी कर्मचारी हुँदाको सेवा अवधिले पनि तोकिएको प्रतिशत अङ्क सेवा अवधिका आधारमा दिईनेछ।<br>(६) यसरी स्थायी हुने कर्मचारीको बढुवाका लागि अङ्क तथा अवकाशको सुविधाको लागि अस्थायी हुँदाको सेवा अवधि समेत गणना गरिनेछ ।<br>(७) उपदफा (५) बमोजिम गरिने आन्तरिक प्रतिस्पर्धामा सहभागी भई अनुतिर्ण हुने वा सहभागी नै हुन नचाहने कर्मचारीलाई योगदानमा आधारित उपदान सरह सुविधा दिई अवकाश दिइनेछ। उक्त रकम बोर्डको कोषबाट व्यहोरिनेछ, अन्य सुविधा तोकिए बमोजिम हुनेछ । | बोर्डको कूल दरबन्दी ३८१ को ६५ प्रतिशत अस्थायी प्रकृतिका कर्मचारीहरुले परिक्षा जस्तो संवेदनशील कार्यमा कम्तिमा ५ वर्षदेखि ३० वर्षसम्म तत्कालित उच्च माध्यमिक शिक्षा परिषद् देखि हाल राष्ट्रिय परिक्षा  बोर्डसम्म अविछिन्न अस्थायी रुपमा सन्तोषजनक कार्य गरी बोर्डको गरिमालाई उच्च बनाउँदै अनुभवी र दक्ष जनशक्तिको रुपमा स्थापित गरिसकेको र आफ्नो र आफ्नो उमेरको सम्पुर्ण उर्जावान समय यसै संस्थामा व्यतित गरी हालसम्म आउँदा स्थायी हुने कुनै पनि प्रक्रियामा सहभागी हुन नपाएको साथै अन्यत्र अवसरको खोजीमा जाने उमेर समेत सकिएको हुँदा बोर्डका अस्थायी प्रकृतिका कर्मचारीहरुको भविष्य, परिवार र सन्ततिको लागि समेत वृत्ति विकास र सुरक्षाको जिम्मेवारी अभिभावक हुनुको नाताले राज्यले लिनुपर्ने भएकोले । |
| ६४ | ३५ | | | | "३५) अभिलेख राख्नेः बोर्डले देहायका विवरणको अभिलेख राख्नु पर्नेछः" | "३५) अभिलेख राख्नेः बोर्डले देहायका विवरणको परिक्षार्थीको नाम, विद्यालयको नाम र वर्ष दिएर सजिलै खोज गर्न मिल्ने ढाँचामा विद्युतिय माध्यममा अभिलेख राख्नु पर्नेछ । सो अभिलेखको आधारमा विद्यार्थीको पहिचान नखुल्ने गरी लिङ्ग, जातजाति, स्थानिय तह, विद्यालय, अपाङ्गतालगायतका आधारमा समूहकृत तथ्याङ्क संग्रहित वार्षिक प्रतिवेदन बनाई आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ ।" | अभिलेख र तथ्याङ्कका आधारहरु स्पष्ट पार्न |
| ६५ | ३८ | | | | "वार्षिक प्रतिवेदन पेस गर्नेः ..." | दफा ३८ को सट्टा देहायको ३८ राखिनेः<br>(३८) वार्षिक प्रतिवेदन पेस गर्नेः बोर्डले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेका काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ र डिजिटल रुपमा अभिलेख राखिनेछ। उक्त प्रतिवेदनमा माध्यमिक शिक्षा उतिर्ण परिक्षा को नतिजा सम्बन्धी प्रतिवेदन संलग्न गर्नु पर्ने छ। उक्त प्रतिवेदनमा सिकाई उपलब्धीको अवस्थालाई राष्ट्रिय, प्रादेशिक, पालिकाको तहमा उपलब्ध विषयगत नतिजाको अवस्था र पछिल्ला वर्षहरुसँग को तुलनात्मक अध्ययन सहितको हुनु पर्ने छ। | स्पष्टिकरणका लागि |
| ६६ | ३९ | ३ | | | "(३).......<br>(क) कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने शिक्षकलाई साधारण, र<br>(ख) कक्षा ६ देशि कक्षा आठसम्म अध्यापन गने शिक्षकलाई विषयगत।" | खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राख्नेः<br>"(क) प्रारम्भिक बालविकास तथा शिक्षा देखि कक्षा ३ (प्रारम्भिक कक्षा) सम्म अध्यापन गर्ने शिक्षकलाई कक्षागत, र<br>(ख) कक्षा ४ देखि कक्षा ८ आठसम्म अध्यापन गने शिक्षकलाई विषयगत ।" | शिक्षकहरु कक्षागत र विषयगत हुनु पर्ने भएकाले |
| ६७ | ४० | १ | | | "(१) सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका साधारण तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, दितीय र तृतीय श्रेणीमा विभाजन गरिनेछ।" | उपदफा (१) को सट्टा देहायको (१) राखिने छः "(१) सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका कक्षागत तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, दितीय र तृतीय श्रेणीमा विभाजन गरिनेछ।" | शिक्षकहरु कक्षागत र विषयगत हुनु पर्ने भएकाले |
| ६८ | ४३ | १ | | | उपदफा (१) को सट्टा देहायको (१) राखिने छः | उपदफा (१) को सट्टा देहायको (१) राखिने छः "(१) यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी  यो ऐन  प्रारम्भ भएको ६ महिना भित्र स्थानीय तहमा हस्तान्तरण गर्नेछ । | शिक्षकहरु कक्षागत र विषयगत हुनु पर्ने भएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६९ | ४३ | २ | | | उपदफा (२) को सट्टा देहायको (२) राखिने छः | उपदफा (२) को सट्टा देहायको (२) राखिने छः (२) उपदफा (१) को प्रयोजनको लागि मन्त्रालयले प्रत्येक स्थानीय तहसँग सम्बन्धित स्थानीय तहभित्रका विद्यालय, विद्यालयमा कार्यरत शिक्षक तथा स्वीकृत दरबन्दीको विवरण यो ऐन प्रारम्भ भएको १ महिना भित्र माग गर्नेछ। यो ऐन प्रारुम्भ हुँदाका वखत साविक उ.मा.वि.तह (कक्षा ११ र १२) मा कायम रहेका अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा द्धितीय श्रेणीमा र माध्यमिक तह कक्षा १० सम्म कायम रहेका राहत शिक्षक तृतीय श्रेणीमा स्वतः शिक्षक दरबन्दीमा परिणत हुनेछन् । | उ.मा.वि.तह (कक्षा ११ र १२) मा कायम रहेका कोटाका लागि स्पष्टिकरण |
| ७० | ४३ | ४ | | | "यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुनेछन् ।" | उपदफा (४) को सट्टा देहायको (४) राखिने छः "यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका प्रारम्भिक बालविकास शिक्षक, राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटा स्वतः शिक्षक दरबन्दीमा परिणत हुनेछन् ।" | प्रारम्भिक बालविकास शिक्षक समेटिएको |
| ७१ | ४३ | १० | | | उपदफा (१०) थप गरिनेः | उपदफा (१०) थप गरिनेः<br>(१०) प्रत्येक ५ वर्षमा प्रदेश सरकारले आफ्नो प्रदेशको शिक्षकको दरबन्दी पुनरावलोकन गरी शिक्षा सेवा आयोगलाई सुझाव सहितको प्रतिवेदन बुझाउने। | शिक्षकको दरबन्दी विद्यार्थीको अनुपात संगै बदलिनु पर्ने भएकोले |
| ७२ | ४४ | १ | क | | "(क) आधारभूत तहः साधारण तथा विषयगत शिक्षक" | खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिने छः<br>"(क) आधारभूत तहः कक्षागत तथा विषयगत शिक्षक" | शिक्षकहरु कक्षागत र विषयगत हुनु पर्ने भएकाले |
| ७३ | ४४ | ३ | | | "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४३ को उपदफा (४) बमोजिम कायम भएको कुल दरबन्दीको पचास प्रतिशत सिटमा यो ऐन प्रारम्भ हुँदाको बखत राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा पाविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकहरुमध्ये सीमित प्रतिस्पर्धाका आधारमा र बाँकी पचास प्रतिशत सिटमा खुला प्रतियोगिताका आधारमा परिक्षा लिई आयोगको सिफारिस पदपूर्ति गरिनेछ ।" | उपदफा (३) को सट्टामा देहायको (३) राखिने छ: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४३ को उपदफा (४) बमोजिम कायम भएको कुल दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाको बखत प्रारम्भिक बालविकास शिक्षक, राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकहरुमध्ये सीमित प्रतिस्पर्धाका आधारमा र बाँकी सिटमा खुला प्रतियोगिताका आधारमा परिक्षा लिई आयोगको सिफारिस पदपूर्ति गरिनेछ । | बालविकास शिक्षक, राहत शिक्षक अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षक अनुदान कोटामा कार्यरत शिक्षकहरुको भविष्य तथा सेवाकाल सुरक्षित गरी ऐनअनुसारको दरबन्दीमा समावेश हुने अवसर दिनका लागि |
| ७४ | ४४ | ३ | | | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः | उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः<br>उपदफा (३) वमोजिमसाविक उ.मा.वि. (कक्षा ११ र १२ ) छुट स्वीकृत दरवन्दीका अस्थायी शिक्षक, राहत शिक्षक, अनुदान कोटा र विशेष शिक्षा तथा प्राविधिक धारका शिक्षक तथा प्रशिक्षकहरुको आन्तरिक परीक्षामा प्रतिस्पर्धाका लागि स्थायी अध्यापन अनुमति–पत्र नभएको खण्डमा एक पटकमा लागि आयोगबाट लिइने परीक्षामा अध्यापन अनुमती पत्रको प्रावधान अनिवार्य नहुने र परीक्षामा उतिर्ण भई स्थायी हुने शिक्षकले स्थायी भएको मितिले ५ वर्ष भित्र स्थायी अध्यापन अनुमति पत्र प्राप्त गर्नु पर्नेछ। आन्तरिक प्रतिस्पर्धाको लागि छुट्याईएको सिटमा सो वर्षको विज्ञापनमा पदपूर्ति हुन नसकेमा अर्को वर्ष खुला प्रतियोगिताको आधारमा हुने विज्ञापनबाट बाँकी सिटमा पूर्ति गरिने। | उ.मा.वि.तह (कक्षा ११ र १२) मा कायम रहेका कोटाका लागि स्पष्टिकरण |
| ७५ | ४४ | ७ | | | "उपदफा (१) को खण्ड (क) को आधारभूत तहको विषयगततर्फ द्वितीय र प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्युनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेको आधारभूत तहमा कार्यरत एक श्रेणीको मुनिका स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन ।" | उपदफा (७) को सट्टामा देहायको (७) राखिने छ: उपदफा (१) को खण्ड (क) को आधारभूत तहको विषयागततर्फ द्वितीय र प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्युनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेको आधारभूत तहमा कार्यरत एक श्रेणी मुनिका शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन । | स्थायी मात्र नभई आवश्यक योग्यता भएको सम्पूर्ण शिक्षकले पद श्रेणी बढाउन प्रतिस्पर्धा गर्न पाउने अवसर जुटाउनका लागि |
| ७६ | ४४ | ९ | | | "उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको तृतीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति तीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्युनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेको आधारभूत तहमा कार्यरत स्थायी शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन ।" | उपदफा (९) को सट्टामा देहायको (९) राखिने छ: उपदफा (१) को खण्ड (ख) को माध्यमिक तहको तृतीय श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति तीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्युनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेको आधारभूत तहमा कार्यरत शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन । | स्थायी मात्र नभई आवश्यक योग्यता भएको सम्पूर्ण शिक्षकले पद श्रेणी बढाउन प्रतिस्पर्धा गर्न पाउने अवसर जुटाउनका लागि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७७ | ४४ | १० | | | "उपदफा (१) को खराड (ख) को माध्यमिक तहको द्वितीय र प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्युनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेका एक श्रेणी मुनिका स्थायी विषयगत शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन ।" | उपदफा (१०) को सट्टामा देहायको (१०) राखिने छ: उपदफा (१) को खराड (ख) को माध्यमिक तहको द्वितीय र प्रथम श्रेणीको आन्तरिक प्रतियोगिताबाट पूर्ति बीस प्रतिशत पदमा सो पदको लागि तोकिएको न्युनतम योग्यता भएको र दफा ६३ बमोजिम सेवा अवधि पूरा गरेको एक श्रेणी मुनिका विषयगत शिक्षकहरुले प्रतिस्पर्धा गर्न सक्नेछन् । | स्थायी मात्र नभई आवश्यक योग्यता भएको सम्पूर्ण शिक्षकले पद श्रेणी बढाउन प्रतिस्पर्धा गर्न पाउने अवसर जुटाउनका लागि |
| ७८ | ४४ | ११ | | | दफा ४४ मा उपदफा ११ राखी क्रम मिलाउने | दफा ४४ मा देहायको उपदफा (११) राखी क्रम मिलाउने:<br>"(११) यस दफाबाट खुला प्रतिस्पर्धा वा आन्तरिक प्रतिस्पर्धाबाट पदपूर्ति गरिने शिक्षकहरुको पदपूर्तिका निवेदनहरुको शिक्षक सेवा आयोगले दफा १३४ बमोजिम वेभसाइटमार्फत विज्ञापन गरी आवेदन माग्नु पर्नेछ । " | एकीकृत डाटाबेस भएमा सजिलै पदपूर्तिको विवरण हेर्न सकिने भएकाले। |
| ७९ | ४४ | १२ | | | दफा ४४ मा उपदफा १२ राखी क्रम मिलाउने | दफा ४४ मा देहायको उपदफा (१२) राखी क्रम मिलाउने:<br>(१२) दफा ४३(५) अनुसार स्थानीय तहले यो ऐन प्रारम्भ भएको ६ महिनामा शिक्षक सेवाको पदपूर्ति गर्नु पर्नेछ । | दरबन्दीको तथा पदपूर्तिका कारणले सार्वजनिक विध्यालयको सामान्य पठनपाठनमा अवरोध नगर्ने उद्देश्य भएकाले |
| ८० | ४५ | १ | | | उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिनेछः | उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिनेछः<br>(१) विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन दफा ४४ को उपदफा (१) बमोजिम हुने सिमित प्रतियोगिता र खुला प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये उनन्चास प्रतिशत पद छुट्याइ सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरु मात्र र बाँकी पचास प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेद्वारहरु बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ। | सिमित प्रतियोगितालाई समावेशी बनाउन |
| ८१ | ४५ | २ | क | | उपदफा २(क) मा "खस आर्य" | उपदफा २(क) मा "खस आर्य"को सट्टा "खस आर्य र विपन्न खस आर्य" राखिनेछ | सिमित र खुला प्रतियोगितालाई समावेशी बनाउन |
| ८२ | ४५ | २ | झ | | खराड (झ) थप गर्नेः | खराड (झ) थप गर्नेः<br>(झ) लैङगिक तथा यौनिक अल्पसङ्ख्यक - प्रतिशत निर्धारण गर्ने | लैङगिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको समावेशीताका लागि |
| ८३ | ४५ | ३ | झ | | खराड (झ) थप गर्नेः | खराड (झ) थप गर्नेः<br>(झ) लैङगिक तथा यौनिक अल्पसङ्ख्यक - प्रतिशत निर्धारण गर्ने | लैङगिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको समावेशीताका लागि |
| ८४ | ४७ | २ | | | "(२) ... कम्तीमा एक महिना अघि पदपूर्तिका लागि शिक्षक सेवा आयोगमा पठाउनु पर्नेछ ।" | दफा ४ उपदफा (२) मा संशोधन :<br>"(२) ... कम्तीमा एक महिना अघि पदपूर्तिका लागि शिक्षक सेवा आयोगमा आयोगले तोकेको ढाँचामा पठाउनु पर्नेछ ।" | एकीकृत डाटाबेस भएमा सजिलै पदपूर्तिको विवरण हेर्न सकिने भएकाले। |
| ८५ | ४७ | ३ | | | उपदफा (३)मा खराड (क) थप गर्नुपर्नेः | देहायको उपदफा (३)मा खराड (क) थप गर्नुपर्नेः<br>(क) स्थानीय तहले रिक्त पद वा आफै दायित्व मा नयाँ दरवन्दी श्रृजना गरी पदपूर्तिका लागि शिक्षा सेवा आयोगसँग आयोगले तोकेको न्यूनतम मापदराडमा कमि नहुने गरी आफ्नो विशिष्टकृत अवस्थालाई सम्बोधन गर्ने गरी विशेष परिक्षाको माग गर्न सक्ने छ। यसरी विशेष व्यवस्थाको माग गर्दा पर्न जाने अतिरिक्त व्ययको भार पनि स्थानीय तहले व्योहोर्नु पर्ने छ। | विशिष्टकृत अवस्थालाई सम्बोधन गर्न |
| ८६ | ५० | १ | ख | | उपदफा (ख) को सट्टामा देहायको (ख) राखिने छः | उपदफा (ख) को सट्टामा देहायको (ख) राखिने छः<br>(ख) आधारभूत तहको कक्षागत शिक्षकको हकमा जुनसुकै विषयमा स्नातक तह तथा विषयगत शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातक तह र माध्यमिक तहको शिक्षकको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको<br>(अ) तर खराड (ख) यो ऐन प्रारम्भ भएको ५ वर्ष पछि मात्र लागू हुनेछ<br>(आ) यो ऐन प्रारम्भ भएको मिति देखि ४ वर्ष भित्र भने शिक्षक सेवा आयोगले दफा ११७(ख) बमोजिम शिक्षक बन्ने प्रशिक्षण पूरा गरेको र सो को प्रमाणपत्र देखाएमा हुनेछ<br>(इ) उपखराड (आ) बमोजिम नियुक्त हुने शिक्षकहरु करारमा मात्र नियुक्त हुनेछन् र सो को कार्यकाल यो ऐन प्रारम्भ भएको ५ वर्ष सम्म मात्र हुनेछ र यसरी नियुक्त हुने शिक्षकको करारमा म्याद थप गरिने छैन | हाल शिक्षकहरु नभएको अवस्थामा छोटो र सहज तरिकामा शिक्षकहरु उत्पादन गर्ने प्रविधि चाहिएकाले यो तत्कालका लागि ५-वर्षे योजना ल्याउने। यसरी ५ वर्ष भित्र शिक्षक बन्न इच्छुकले आफ्नो स्नातक तह र स्नतकोत्तर गर्न सक्नेछन्। |
| ८७ | ५० | १ | ग | | (ग) अध्यापन अनुमतिपत्र प्राप्त गरेको | उपदफा (ग) को सट्टामा देहायको (ग) राखिने छः<br>(ग) दफा १४६ बमोजिमको अध्यापन अनुमतिपत्र प्राप्त गरेको | अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया सुधार गर्न र नियमित बनाउन |
| ८८ | ५० | १ | घ | | "(घ) एकाईस वर्ष उमेर पूरा भई पैंतीस वर्ष पूरा नभएको," | खराड (घ) को सट्टा देहायको (घ) राखिने छः<br>(घ) एकाईस वर्ष उमेर पूरा भएको, | २१ बर्ष माथिका जुनसुकै उमेर समुहलाई सदुपयोग गर्न |
| ८९ | ५० | २ | | | उपदफा (२) को सट्टा देहायको (२) राखिने छ: | उपदफा (२) को सट्टा देहायको (२) राखिने छ: उपदफा (१) को खराड (ख) मा उल्लिखित योग्यता यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत शिक्षकले आफू बहाल रहेको तहमा अध्यापन गर्न सो व्यवस्थाले कुनै बाधा पुग्नेछैन तर यस्ता कार्यरत शिक्षक ऐन प्रारम्भ भएको १० वर्ष भित्र योग्य हुनु पर्नेछ । | दस वर्ष भित्र सबै कार्यरत शिक्षकहरुले यो ऐनमा लेखिए बमोजिमको योग्यता पूरा गर्नुपर्नेछ। नभए, पद स्वत खारेज हुनेछ। |
| ९० | ५२ | १ | | | "(१) विद्यालय शिक्षक सेवाको पदमा नियुक्त गर्दा एक वर्ष परीक्षणकालमा रहने गरी गरिनेछ।<br>तर महिला शिक्षकको हकमा ६ महिनाको परीक्षणकाल हुनेछ ।" | वाक्य हटाईनेः<br>"(१) विद्यालय शिक्षक सेवाको पदमा नियुक्त गर्दा एक  वर्ष परीक्षणकालमा रहने गरी गरिनेछ।" | कोटा दिईसकेकाले परिक्षणकाल छोट्याउन नहुने र ६ महिनामा आफ्नो कार्यकौशलता देखाउन र कार्यसम्पादन मूल्याङ्कनका लागि पर्याप्त समय नभएकाले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९१ | ५२ | | | | दफा ५२ पछि देहायको दफा ५३ थप गरी दफा क्रम मिलाउनेः | दफा ५२ पछि देहायको दफा ५३ थप गरी दफा क्रम मिलाउनेः<br>५३) शिक्षक तालिमः विद्यालय शिक्षक सेवा पदमा नियुक्त भई कार्यभार सम्हाल्नु अघि हरेक शिक्षकले देहाय बमोजिमको तालिम लिनु पर्नेछ;<br>(१)  विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक सेवा आयोग र पाठ्यक्रम विकास केन्द्रको संयोजकत्वमा गरिने तालिम<br>(२) विशेष आवश्यकता भएका विद्यार्थीहरूको पहिचान तथा उनीहरूसँग कसरी अन्तरक्रिया भन्ने बारे दफा १३९ बमोजिम विशेष शिक्षा (समावेशी शिक्षा) परिषद्ले तैयार गरेको तालिम<br>(३) यौन हिंसा, यौन दुर्व्यवहार, बाल शोषण सम्बन्धित राष्ट्रिय महिला आयोग र राष्ट्रिय बाल अधिकार परिषद् गर्ने तालिम<br>(४) अन्य तालिमहरु तोकिए बमोजिम हुनेछ। | शिक्षकलाई तालीम अनिवार्य भएकाले |
| ९२ | ५३ | १ | | | खण्ड (क) थप गरिनेः | खण्ड (क) थप गरिनेः<br>(क) शिक्षकलाई मासिक रुपमा तलब दिईनेछ। | शिक्षकको तलब बाढ्नेमा अनियमितता भएकाले |
| ९३ | ५९ | १ | ज | | खण्ड (ज) थप गरिनेः | खण्ड (ज) थप गरिनेः<br>(ज) अपाङ्गता भएका शिक्षकलाई अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवसमा बिदा | अपाङ्गता भएका व्यक्तिहरुले विश्वव्यापी रुपमा मनाउने दिवस भएकोले |
| ९४ | ६० | २ | | | "एक स्थानीय तहको सार्वजनिक विध्यालयबाट अर्को स्थानीय तहको सार्वजनिक विद्यालयको रिक्त शिक्षक पदमा सरुवाको लागि **स्थायी शिक्षकले** निवेदन दिएमा र रिक्त पद तथा विषयसमेत मिल्ने भएमा कार्यरत रहेको स्थानीय तहको सहमतिमा सरुवा भई आउने विद्यालय रहेको स्थानीय तहले त्यस्तो शिक्षकको सरुवा गर्न सक्नेछ।" | उपदफा (२) को सट्टा देहायको (२) राखिने छः एक स्थानीय तहको सार्वजनिक विद्यालयबाट अर्को स्थानीय तहको सार्वजनिक विद्यालयको रिक्त शिक्षक पदमा सरुवाको लागि **शिक्षकले** निवेदन दिएमा विषय र **आवश्यक शैक्षिक योग्यता** समेत मिल्ने भएमा कार्यरत रहेको स्थानीय तहको सहमतिमा सरुवा भई आउने विद्यालय रहेको स्थानीय तहले त्यस्तो शिक्षकको सरुवा गर्न सक्नेछ । | एकै पदको नभएपनि आवश्यक योग्यता भएका स्थायी/अस्थायी/हरेक किसिमका शिक्षकले सरुवाको निवेदन बुझाउन सक्ने बनाउन |
| ९५ | ६० | ४ | | | दफा ६०(४) को सट्टामा देहायको ६०(४) राखिने छः | दफा ६०(४) को सट्टामा देहायको ६०(४) राखिने छः<br>"(४) अपाङ्गता भएको शिक्षकको सरुवा गर्दा निजलाई पायक पर्ने स्थानमा, निजको समन्वयमा, निजले रोजेको स्थान तथा विद्यालयलाई प्राथमिकता दिएर गर्नु पर्नेछ।" | अपाङ्गता भएको शिक्षकको समस्या अरुले अनुमान गर्न नसक्ने र नयाँ स्थानमा अपाङ्गता मैत्री संरचना एंव व्यवहार कायम हुन वर्षौं समय लाग्ने भएकाले । |
| ९६ | ६३ | ३ | | | "उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भय तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत स्थायी शिशाक्को हकमा निज सेवा प्रवेश गर्दाको शैक्षिक योग्यतालाई नै न्युनतम शैक्षिक योग्यता मानिनेछ।" | उपदफा (३) लाई खारेज गरिनेछ । | ऐन प्रारम्भ भएको दस वर्ष भित्र योग्य हुनुपर्नेछ। देशको शिक्षा प्रणाली सुधारका लागि शिक्षकको शिक्षा र योग्यता उत्तिकै आवश्यक हुनाले |
| ९७ | ६६ | ३ | | | उपदफा (३)को सट्टा देहायको उपदफा (३), (४), (५) र (६) थप गरिनेछः | उपदफा (३)को सट्टा देहायको उपदफा (३), (४), (५) र (६) थप गरिनेछः<br>(३) अनुसूची ३ मा दिइए बमोजिम कार्यसम्पादन मूल्याङ्कन फारम हुनेछ। स्थानीय सरकारको शिक्षा विभागले मूल्याङ्कनका आधार थप गर्न सक्नेछ।<br>(४) कार्यसम्पादन मूल्याङ्कन वर्षको अन्तिम परिक्षाको नतिजा निस्केको दुई महिना भित्र हुनेछ।<br>(५) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>(६) हरेक दुई वर्ष शिक्षकहरुको राष्ट्रिय शैक्षिक गुणस्तर मूल्याङ्कन तथा परीक्षण प्राधिकरणले तोकेको स्वतन्त्र परीक्षकले मूल्याङ्कन गर्ने र सो को प्रतिवेदनले दफा ६१ बमोजिम शिक्षकको बढुवा र दफा ८४ बमोजिम चेतावनीको पनि आधार बन्नेछ। | कार्यसम्पादन मूल्याङ्कन अत्यन्तै महत्त्वपूर्ण भएकाले |
| ९८ | ७२ | | | | दफा ७२ मा देहायको (ङ-ठ) थपिने छः | दफा ७२ मा देहायको (ङ-ठ) थपिने छः<br>(ङ) निर्धारित समय भित्र सम्पूर्ण पाठ्यक्रम पूरा गर्नुपर्ने<br>(च) प्रत्येक बालबालिकाको सिक्ने क्षमताको मूल्याङ्कन गर्ने र आवश्यक भएमा थप सिकाइका सामग्रीहरु प्रदान गर्नुपर्ने<br>(छ) अभिभावकहरूसँग नियमित बैठक राख्ने र विद्यार्थीको नियमितता, सिक्ने क्षमता, सिकाइमा भएको प्रगति र बालबालिकाको बारेमा अन्य सान्दर्भिक जानकारी दिनुपर्ने<br>(ज) कसैलाई पनि जात, वर्ग, लिङ्ग, धर्म र अपाङ्गताका आधारमा भेदभाव गर्न नपाईने<br>झ)  विद्यार्थीको शैक्षिक उपलब्धि, प्रगति र परिणामप्रति जवाफदेही हुनुपर्ने<br>ञ) सम्बन्धित विषय तथा पाठ्यक्रमको राम्रो ज्ञान हुनुपर्ने र त्यसमा विद्यार्थीको चासो बढाउन क्रियाशिल रहनुपर्ने<br>ट)  आफुले प्रयोग गरेको शिक्षण विधि प्रभावकारी भए नभएको जाँचि प्रभावकारी नदेखिए आवश्यक परिवर्तन गर्नुपर्ने<br>ठ) सुरक्षित सिकाइको वातावरण निर्माण गर्नुपर्ने। | शिक्षकलाई थप जवाफदेही र विद्यार्थीप्रतिको आचरण प्रतिबद्दता बधाई शैक्षिक गुणस्तर सुधार गर्नका लागि |
| ९९ | ७४ | | | | | दफा ७४ खारेज गरिनेछ। | वाक् स्वतन्त्वताको विपरीत |
| १०० | ७६ | | | | दफा ७६ को सट्टामा देहायको प्रावधान राखिने छः | दफा ७६ को सट्टामा देहायको प्रावधान राखिने छः कुनै पनि शिक्षकले निजि अध्यापन गर्ने वा निजि अध्यापन सम्बन्धि व्यवसाय संचालन गर्नु हुँदैन। | शिक्षकले कुनै पनि बाभिने किसिमको काम गर्न नहुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०१ | ७७ | | | | दफा ७७ को सट्टामा देहायको प्रावधान राखिने छ: | दफा ७७ को सट्टामा देहायको प्रावधान राखिने छ:<br>७७ शिक्षण बाहेकको उद्देश्यले नोकरी वा सेवा गर्न नहुने:<br>(१) कुनै पनि शिक्षकलाई शिक्षण बाहेकको उद्देश्यले नोकरी वा सेवा गर्नु हुँदैन।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै शिक्षकले राष्ट्रिय जनगणना, विपद कार्यमा उद्धार वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकेको अन्य कुनै काममा संलग्न हुन पाइनेछ । | शिक्षकले आफ्नो कार्य सम्पादन कुशलता सहित गरेमा शिक्षण पेशामा बाहेक अन्य सेवामा लाग्न पाउनु पर्ने भएकाले |
| १०२ | ७८ | | | | प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध | दफा ७८ को सट्टा देहाएको उपदफा राखिने छ:<br>शिक्षकहरुले बालबाकिकाको पढ्ने अधिकारमा बाधा पुग्ने गरि प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, अवरोध गर्न, घेराउ गर्न, पठनपाठन बन्द गर्न वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन प्रतिबन्ध गरिन्छ। | शिक्षकहरुको ट्रेड युनियन खोल्ने र सामुहिक सौदाबाजी गर्ने हक श्रम ऐनले र संविधानले समेत व्यवस्था गरेको छ। |
| १०३ | ८० | | | | यौनजन्य दुर्व्यवहार गर्न नहुने: शिक्षकले विद्यार्थी र अरु कसैप्रति यौनजन्य दुर्व्यवहार गर्न हुँदैन। | उक्त दफामा देहाएको उपदफा (२) थपिनेछ:<br>(२) हरेक विद्यालयले यौनजन्य दुर्व्यवहार सम्बन्धी गुनासो राख्न गुनासो पेटिका राख्नुपर्नेछ र सो गुनासो सुन्न विद्यालयले छुट्टै समितिको व्यवस्था गरि छानविन सुरु गर्नुपर्नेछ।<br>(३) उपदफा (१) बमोजिमको कसुर गर्ने शिक्षकलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ। | विद्यालयमा यौनजन्य दुर्व्यवहारका घटनाहरु बढिरहेको र अहिले भइरहेको कानुनी संयन्त्रले यसलाई राम्ररी नियन्त्रण गर्न नसकेकाले । |
| १०४ | ८३ | | | | स्थायी आवासीय अनुमती लिन नहुने : सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकले स्थायी आवासीय अनुमति लिन त्यस्तो अनुमनी प्राप्त गर्नका लागि आवेदन दिनुहुँदैन। | सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकले अन्य मुलुकको नागरिकता वा स्थायी अनुमति मात्र लिएमा, उक्त शिक्षकको पद स्वत: खारेज भएको मानिनेछ। | शिक्षकले अन्य देश बस्न आवेदन दिन पाउनु पर्ने |
| १०५ | ८४ | | | | चेतावनी दिन सकिने | उक्त दफा ८४ को सट्टा देहायको व्यवस्था राखिने छ:<br>(८४) चेतावनी दिन सकिने: शिक्षकले देहायको कुनै काम गरेमा सुपरिवेक्षक वा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ:-<br>(क) दफा ७१ बमोजिमको समय पालना नगरेमा<br>(ख) अनुशासनहीन काम गरेमा<br>यस उपदफाको प्रयोजनका लागि शिक्षकको अनुशासन दफा ७२ मा तोकिएबमोजिमको हुनेछ।<br>(ग) मन्त्रालय, प्रदेश सरकार, मन्त्रालय अन्तर्गतका निकाय र स्थानीय तहले पठनपाठनका सम्बन्धमा दिएको आदेश पालना नगरेमा<br>(घ) पदिय मर्यादा प्रतिकुल हुने कार्य गरेमा<br>(ङ) आन्तरिक र बाह्य कार्यसम्पादन मूल्याङ्कनमा खराब नतिजा आएमा<br>(च) परीक्षा र पठनपाठन सम्बन्धी काममा जानाजान लापरवाहि वा ढिला सुस्ती गरी विद्यार्थीको सिकाइमा कुनै पनि किसिमले हानी पुऱ्याएमा<br>(छ) विद्यार्थीलाई बालमैत्री, शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा<br>(ज) आफ्नो काम जवाफदेही पूर्वक नगरेमा | विस्तृत व्याख्या गर्नुपर्ने भएकाले |
| १०६ | ८७ | १ | | | उक्त दफा ८७ (१) को सट्टा देहायको व्यवस्था राखिने छ: | उक्त दफा ८७ (१) को सट्टा देहायको व्यवस्था राखिने छ:<br>बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने<br>(१) देहायको कुनै अवस्थामा शिक्षकलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने गरी सजाय गर्न सकिनेछ;<br>क) अध्यापन गर्ने कार्य जिम्मेवारीपूर्वक पूरा नगरेमा<br>यस उपदफाको प्रयोजनका लागि अध्यापन गर्ने जिम्मेवारी दफा ७२ वमोजिमको कार्य पर्दछन्।<br>ख) विद्यार्थीको पीर मर्का र गुनासो पटकपटक वेवास्ता गरेको सम्बन्धमा प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समिति वा स्थानिय तहले दिएको निर्देशन पालना नगरेमा,<br>ग) यो ऐनमा उल्लिखित आचरण पालना नगरेमा वा उल्लङ्घन गरेमा,<br>घ) बढुवाको दरखास्त फारम भर्दा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,<br>ङ) विद्यार्थीलाई शारीरिक वा मानसिक रुपमा दुर्व्यवहार गरेमा<br>च) बिदा स्वीकृत नगराई लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,<br>छ) आन्तरिक र बाह्य कार्यसम्पादन मूल्याङ्कनमा खराब नतिजा आएमा।<br>ज) दफा ८६ बमोजिम नसिहत पाएको शिक्षकले सोही पदमा रहँदा पुन: सोही दफा बमोजिम नसिहत पाएमा। | विस्तृत व्याख्या गर्नुपर्ने भएकाले |
| १०७ | ८८ | १ | (घ) | | (घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको .... | (घ) विद्यालयमा मादक पदार्थ वा कुनै प्रकारको लागू पदार्थ सेवन गरी आएको .... | लागू पदार्थ सेवन समेट्न |
| १०८ | ८८ | १ | (ञ) | | सेवाबाट हटाउने वा बर्खास्त गर्ने | उक्त दफामा उपदफा (१) (झ) पछि (ञ) थप गरी खण्ड क्रम मिलाउने: (ञ) दफा ६६ बमोजिम हुने वार्षिक कार्यसम्पादन मूल्यांकनमा ४० वा ४० भन्दा कम अङ्क प्राप्त गरेमा, | शिक्षण गुणस्तर सुधार गर्न तथा शिक्षकलाई जवाफदेही र जिम्मेवार बनाउन |
| १०९ | ८८ | १ | ठ | | खण्डा (ठ) थप गर्ने: | खण्डा (ठ) थप गर्ने:<br>(ठ) शिक्षकले विद्यार्थी र अरु कसै प्रति यौनजन्य दुर्व्यवहार वा हिंसा गरेको प्रमाणित भएमा। | विद्यालय असुरक्षित हुनाले र यौन हिंसा गरेमा बर्खास्त गरिनु पर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११० | ८९ | ५ | | | ...... विभागिय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई  दिन लागिएको सजाय प्रस्ताव गरि आयोगको परामर्श लिनु पर्नेछ।' | उपदफा (५) मा देहायको व्यहोरा थप गरिने छ :<br>५)  सम्बन्धित शिक्षकले उपदफा (४) बमोजिम दिएको सफाई सन्तोषजनक नभएमा वा म्यादभित्र सफाई प्राप्त नभई त्यस्तो शिक्षकलाई सजाय गर्नुपर्ने देखिएमा विभागिय सजायको आदेश दिने अधिकारीले त्यस्तो शिक्षकलाई लागेको आरोप, उपलब्ध प्रमाण, दिन लागिएको सजाय, आधार र कारण सहित प्रस्ताव गरी आयोगको परामर्श लिनु पर्नेछ। | परामर्शलाई अझै वजन दिन |
| १११ | ८९ | ७ | | | ".....आयोगको परामर्श प्राप्त भएपछि विभागिय सजायको आदेश दिने अधिकारीले उपलब्ध प्रमाणको मुल्याङ्कन गरी......." | उपदफा (७) मा देहायको व्यहोरा थप गरिने छ : ७)उपदफा (५) बमोजिम आयोगको परामर्श प्राप्त भएपछि विभागिय सजायको आदेश दिने अधिकारीले सो परामर्शलाई आधार मानेर कारण सहित खुलाएर उपलब्ध प्रमाणको मूल्याङ्कन गरी सात दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ र सो को जानकारी यथाशीघ्र सम्बन्धित शिक्षक, शिक्षा विभाग, आयोग र राष्ट्रिय किताबखाना (शिक्षक) समेतलाई दिनु पर्नेछ। | परामर्शलाई अझै वजन दिन |
| ११२ | ११७ | क | | | उपदफा(क) को सट्टामा देहायको (क) राखिने छः | उपदफा(क) को सट्टामा देहायको (क) राखिने छः अध्यापन अनुमतिपत्र जारी र नवीकरण गर्ने, | नवीकरण थप गर्न |
| ११३ | ११७ | ख | | | उपदफा (क) पछि देहायको (ख) र (ग) थप गर्ने र खण्डक्रम मिलाउनेः | उपदफा (क) पछि देहायको (ख) र (ग) थप गर्ने र खण्डक्रम मिलाउनेः<br>(ख) शिक्षा सेवा आयोगले ६ महिना देखि एक वर्षको शिक्षक बन्ने प्रशिक्षणको मापदण्ड पाठ्यक्रम विकास केन्द्र र शिक्षाविद्हरु को सहकार्यमा विकास गर्ने, प्रशिक्षण सन्चालन गर्ने र प्रमाणपत्र जारी गर्ने र सो सम्बन्धि अन्य नियमहरु बनाउने,<br>यसरी सन्चालित प्रशिक्षणमा भाग लिन माध्यमिक तह अध्ययन गरे पनि योग्यता पूरा हुनेछ<br>(ग) प्रधानाध्यापक बन्नका लागि चाहिने प्रशिक्षणहरुः विद्यालय व्यवस्थापनको तालिम, वित्तीय व्यवस्थापनको तालिम र विशेष शिक्षा, समावेशी शिक्षा, प्राविधिक शिक्षा बारे जानकारीमूलक तालिम निर्माण गर्ने, मूल्याङ्कन मापदण्ड निर्धारण गर्ने, तालिम सन्चालन गर्ने, प्रमाणपत्र उपल्ब्ध गराउने, | आयोगको काम, कर्तव्य थप गर्न |
| ११४ | ११७ | घ | | | (घ) खण्ड (क), (ख) र (ग) को प्रयोजनका लागि परीक्षा सन्चालन, उत्तरपुस्तिकाको परिक्षण तथा नतिजाको प्रकाशन गर्ने, गराउने | उपदफा (घ) को सट्टा देहायको (घ) राख्नेः<br>(घ) खण्ड (क), (ख), (ग), (घ) र (ङ) को प्रयोजनका लागि परीक्षा सन्चालन, उत्तरपुस्तिकाको परिक्षण तथा नतिजाको प्रकाशन गर्ने, गराउने | आयोगको काम, कर्तव्य थप गर्न |
| ११५ | ११७ | ज | | | उपदफा (छ) पछि देहायको उपदफा (ज), (झ), (ञ), (ट), (ठ) र  (ड) राख्ने र उपदफाक्रम मिलाउनेः | उपदफा (छ) पछि देहायको उपदफा (ज), (झ), (ञ) राख्ने र उपदफाक्रम मिलाउनेः<br>(ज) सबै स्थानिय तहका सबै विद्यालयहरूका शिक्षक र प्रधानाध्यापक दरबन्दीबारे निम्न तथ्याङ्क संग्रहित एकिकृत विद्युतिय अभिलेख राख्ने ।<br>(अ) सबै विद्यालयका स्रोतका आधारमा शिक्षक दरबन्दी। स्पष्टिकरण - संघीय सरकार, प्रदेश सरकार, स्थनिय तह वा अन्य जुन स्रोतले शिक्षकको दरबन्दी सृजना गरिएको हो सोका आधारमा<br>(आ) तोकिएको दरबन्दी विद्यालयले माग गरेको संख्या भन्दा फरक भए सो तथ्याङ्क<br>(इ) हाल रिक्त रहको र निकटमा भविष्यमा हुने रिक्त हुने पदसंख्या<br>(ई) तोकिएको अन्य तथ्याङ्क<br><br>(झ) दफा ४७ अनुसार स्थानिय तहले रिक्त पद पूर्तिको लागि पठाएको सूचनाका आधारमा बढीमा एक हप्ताभित्र उपदफा (ज) अनुसारको अभिलेख अद्यावधिक गर्ने ।<br><br>(ञ) अभिलेखको आधारमा तथ्याङ्क आयोगको वेभसाइटमार्फत निरन्तर सार्वजनिक गर्ने । | आयोगको काम, कर्तव्य थप गर्न |
| ११६ | १२३ | १ | | | दफा १२३ को प्रावधानलाई उपदफा (१)मा राख्ने: | दफा १२३ को प्रावधानलाई उपदफा (१)मा राख्ने: (१) स्थायी दरबन्दीको शिक्षकको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनोट गर्दा वा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस गर्दा आयोगले लिखित परीक्षाको अतिरिक्त देहायको मध्ये कुनै एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछ: (क) प्रयोगात्मक परीक्षा, (ख) अन्तर्वार्ता, (ग) आयोगले समयसमयमा निर्धारण गरेका अन्य तरिका । | दफा १२३मा उपदफा (२) थप्न र उपदफा क्रम मिलाउन |
| ११६ | १२३ | १ | | | उक्त दफामा उपदफा (२) थपिने: | उक्त दफामा उपदफा (२) थपिने: उपदफा (१) अनुसार स्थायी दर्बंदिकोलागी कुनै अस्थायी शिक्षक उम्मेदवार भएमा वा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस गर्दा आयोगले यस्तो अस्थायी शिक्षकको कूल शिक्षण सेवा अवधि पनि गणना गर्नु पर्नेछ । | शिक्षण सेवामा खटिएका अस्थायी शिक्षकको सेवा तथा योगदानको मुल्यांकन गरी अस्थायी शिक्षकले स्थायी दरबन्दी रिक्त हुँदा स्थायी हुने अवसर पाउनु पर्ने भएकाले |
| ११७ | १३४ | | | | विद्युतीय माध्यमको प्रयोग: ... | दफा १३४ को सट्टामा देहायको दफा १३४ राख्ने:<br>१३४ विद्युतीय माध्यमको प्रयोग: आयोगले -<br>(क) रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, नतिजा प्रकाशन लगायतका सूचना अन्य माध्यमका साथै आफ्नो वेबसाइटमा सजिलै खोज्न मिल्ने तरिकाले राख्न पर्नेछ । यस्ता सूचना वेबसाइटमा कम्तिमा ५ वर्षसम्म उपलब्ध हुन पर्नेछ ।<br>(ख) कुनै पनि इच्छुक व्यक्तिले उपदफा (क) को सूचना जारी भएमा इमेल वा<br>एस एम एस प्राप्त गर्ने गरी सब्सक्राइब गर्न मिल्ने व्यवस्था गर्नु पर्नेछ ।<br>(ग) रिक्त पदको लागि आवेदन भौतिक रुपमा उपस्थित नभई अनलाइन माध्यमबाटै पनि दिन मिल्ने व्यवस्था गर्नु पर्नेछ ।<br>(घ) आयोगले परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण लगायतका काममा पनि विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ । | शिक्षा सेवा आयोगले जारी गर्ने सूचनाहरू सम्बन्धित व्यक्तिहरूमा छिटो र सजिलै पुगोस् र आवेदन दिनकै लागि भौतिक उपस्थिति नहोस् |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११८ | १४० | १ | ड | | उपदफा १(ड) को सट्टा देहायको (ड) राखिने: | उपदफा १(ड) को सट्टा देहायको (ड) राखिने:<br>(ड) शैक्षिक परामर्श सेवा, भाषा शिक्षरण सम्बन्धी, ब्रिज कोर्श र पूर्व तयारी कक्षा सन्चालन सम्बन्धी काम, परीक्षा, परीक्षाका प्रमाणपत्रलाई स्तरीकरण गर्न मापदण्ड बनाई नियमन गर्ने व्यवस्था | मापदण्ड थप गर्नु पर्ने भएकाले |
| ११९ | १४० | १ | ढ | | खण्ड (ढ), (ण), (त) र (थ) थप गर्ने: | खण्ड (ढ), (ण), (त) र (थ) थप गर्ने:<br>(ढ) विद्यालयमा हुने यौन हिंसा, यौन जन्य दुर्व्यवहार, मानसिक तथा शारीरिक यातनाका सम्बन्धी समस्या सम्बोधन गर्ने हरेक विद्यालयमा हुनुपर्ने संकायका बारे मापदण्ड र सम्बन्धी प्रक्रिया निर्धारण गर्ने।<br>(ण) हरेक विद्यालयमा कक्षा ९ देखि माथि अध्ययनरत विद्यार्थीका लागि शैक्षिक परामर्श दिने शैक्षिक परामर्शदाताको योग्यता, काम, कर्तव्य, दरबन्दी र मूल्याङ्कनका आधार निर्धारण गर्ने।<br>(त) हरेक विद्यालयमा अध्ययनरत विद्यार्थी तथा कार्यरत कर्मचारी वा शिक्षकको मानसिक स्वास्थ्यका निम्ति मनोसामाजिक र मनोवैज्ञानिक परामर्श दिने मानसिक स्वास्थ्य चिकित्सकको योग्यता, काम, कर्तव्य, दरबन्दी र मूल्याङ्कनका आधार निर्धारण गर्ने।<br>(थ) प्रत्येक ५ वर्षमा यस ऐन अन्तर्गत स्थापित परिष्द्, केन्द्र, र बोर्डको दरबन्दी पुनरावलोकन गरी मन्त्रालयमा बुझाउने | संधको काम, कर्तव्य थप गर्न |
| १२० | १४० | १ | | | खण्ड (द) थप | खण्ड (द) थप गरिने:<br>(द) विद्यालयको वर्गीकरण: नेपाल भरीका विद्यालयहरु निम्न आधारमा वर्गीकृत गरिनेछ:<br>(१) सार्वजनिक विद्यालय: शिक्षक दरबन्दी लगायत सरकारबाट पूर्ण अनुदान पाउने विद्यालय<br>२) निजी विद्यालय: निजी वा पब्लिक लिमिटेड मुनाफा वितरण गर्ने गरी स्थापित<br>३) स्वायत्त विद्यालय: गैर नाफामूलक स्वतन्त्र संस्थाहरु, सार्वजनिक र निजी शैक्षिक गुठी वा मुनाफा वितरण नगर्ने कम्पनीमा सञ्चालित वा गुम्बा, मदरसा, गुरुकुल आदि विद्यालयहरु<br>४) अन्तर्राष्ट्रिय विद्यालय: अन्तर्राष्ट्रिय पाठ्यक्रम चलाउने र ती मापदण्ड पूरा गर्ने गरी स्वायत्त विद्यालयको परिभाषामा अन्तरगत दर्ता भएका विद्यालयहरु" | विद्यालयहरुको अहिले वर्गीकरण सन्तोषजनक र सबैलाई नसमेटेकाले नया वर्गीकरणको मापदण्ड आवश्यक भएको |
| १२१ | १४० | २ | छ | | खण्ड (छ) पछि देहायको (ज) थप गर्ने: | खण्ड (छ) पछि देहायको (ज) थप गर्ने:<br>(ज) प्रत्येक ५ वर्षमा आफ्नो प्रदेशको शिक्षकको दरबन्दी पुनरावलोकन गरी शिक्षा सेवा आयोगलाई सुझाव सहितको प्रतिवेदन बुझाउने | शिक्षकको दरबन्दी नियमित रुपमा पुनर्विचार गरिनु पर्ने भएकाले; हालको शिक्षकहरु को जस्तो स्थिति फेरी नहोस् भनेर |
| १२२ | १४० | ३ | ब | | खण्ड (ब) र (भ) थप गर्ने: | खण्ड (ब) र (भ) थप गर्ने:<br>(ब) विद्यालयमा विद्यार्थीहरूलाई शैक्षिक भविष्य तथा वृत्तिविकासबारे परामर्श दिने परामर्शदाताको विद्यालयको समन्वयमा नियुक्ति<br>(भ) विद्यालयमा मानसिक स्वास्थ्य चिकित्सकको विद्यालयको समन्वयमा नियुक्ति | अस्थायी शिक्षकले स्थायी दरबन्दी रिक्त हुँदा स्थायी हुन अवसर पाउनु पर्ने |
| १२३ | १४६ | १ | | | ...." (१) आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गराउन पाउनेछैन।"... | उपदफा (१) को सट्टामा देहायको (१) राखिने छ:<br>आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गराउन पाउनेछैन। अध्यापन अनुमतिपत्र ५ वर्षको अवधिको लागि जारी हुनेछ र सो अवधिको अन्त्य भएको ६ महिनाभित्र कार्यरत शिक्षकले आफ्नो अध्यापन अनुमति पत्र नवीकरण गराउनुपर्नेछ। | अध्यापन अनुमति पत्र नवीकरण गराउनुपर्ने |
| १२४ | १४६ | १ | | | खण्ड (क) थप गर्ने: | खण्ड (क) थप गर्ने: (क) मान्यता प्राप्त विश्विद्यालयबाट जुनसुकै विधामा स्नातक उतिर्ण गरेको भए पनि अध्ययन अनुमतिपत्र प्राप्त गर्ने परिक्षामा सहभागि हुन सक्ने छ। | अध्यापन अनुमति पत्र प्राप्त गर्न सहज बनाइनुपर्ने भएकाले |
| १२५ | १४६ | २ | | | ...." (२) अध्यापन अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | उपदफा (२) को सट्टामा देहायको (२) राखिने छ: शिक्षक सेवा आयोगले दफा ६६ बमोजिम शिक्षकको ५ वर्षको वार्षिक कार्यसम्पादनको मुल्यांकनमा औसतमा ७० अङ्क वा सो भन्दा बढी अङ्कप्राप्त गरेमा मात्रै अध्यापन अनुमतिपत्र नवीकरण गर्नेछ। | अध्यापन अनुमति पत्र नवीकरणको मापदण्ड |
| १२६ | १४६ | ३ | | | उक्त दफामा देहायको उपदफा (३) थपिनेछ: | उक्त दफामा देहायको उपदफा (३) थपिनेछ: उपदफा (२) बमोजिम कुनै पनि शिक्षकको अध्यापन अनुमतिपत्र नवीकरण नभएमा आयोगले तोके अनुसारको अध्यापन गुणस्तर सुधार तथा पुन: अभिमुखिकरण तालिम अनिवार्य रूपमा लिई, तालिममा शिक्षकको सहभागिताको मूल्यांकन सहितको निवेदन शिक्षक सेवा आयोगलाई बुझाएर अनुमतिपत्र नविकरण गर्न सकिन्छ । | अध्यापन अनुमति पत्र नवीकरणको मापदण्ड |
| १२७ | १४६ | ४ | | | उक्त दफामा देहायको उपदफा (४) थपिनेछ: | उक्त दफामा देहायको उपदफा (४) थपिनेछ: उपदफा (२) बमोजिम कुनै पनि शिक्षकले तोकिएको समयमा नविकरणको निवेदन नबुझाएमा, नविकरणको निम्ति ३ महिनाको म्याद थप गरिनेछ । | अध्यापन अनुमति पत्र नवीकरणको मापदण्ड |
| १२८ | १४६ | ५ | | | उक्त दफामा देहायको उपदफा (४) थपिनेछ: | उक्त दफामा देहायको उपदफा (४) थपिनेछ: अध्यापन अनुमतिपत्र तथा नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | अध्यापन अनुमति पत्र नवीकरणको मापदण्ड |
| १२९ | १५३ | ३ | | | उपदफा (३) पछि देहायको (४), (५), (६) र (७) थप्ने र उपदफाक्रम मिलाउने: | उपदफा (३) पछि देहायको (४), (५), (६) र (७) थप्ने र उपदफाक्रम मिलाउने:<br>(४) संविधानको समावेशी सिद्धान्त बमोजिम शिक्षक महासंघको गठन हुनेछ।<br>(५) शिक्षकहरुको पेशागत विकास, व्यक्तित्व विकास र शैक्षिक विकासलाई केन्द्रित कार्यक्रमहरुको सन्चालन, तालीमहरु, अवसरहरुको सिर्जना गर्ने कर्तव्य हुनेछ।<br>(६) अनुभवी तथा दक्ष शिक्षकहरुलाई शिक्षाविद्का रुपमा आफ्नो पेशागत बढुवाको अवसर सिर्जना गर्नुपर्ने, जस्तै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय पाठ्यक्रम परिषद्, पाठ्यक्रम विकास केन्द्र वा राष्ट्रिय परिक्षा बोर्डमा कार्यरत हुने अवसरहरु सिर्जना गर्ने जिम्मेवारी हुनेछ।<br>(७) शिक्षकहरुलाई विभिन्न अन्तराष्ट्रिय तालीम, गोष्टीहरुमा भाग लिने अवसरहरु प्रदान गर्ने जिम्मेवारी हुनेछ। | शिक्षक महासंघले शिक्षकको पेशागत बढुवा र विकासका बारे गाम्भीर्यका साथ अवसरहरु सिर्जना गर्नुपर्ने भएकाले |
| १३० | १५५ | २ | | | (२) ... प्रतिवेदन मन्त्रालय र प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ । | (२) ... प्रतिवेदन मन्त्रालय र प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ । प्रतिवेदनको<br>विद्युतिय माध्यममा हुनु पर्नेछ । लिङ्ग, जातजाति, स्थानिय तह, विद्यालय, अपाङ्गतालगायतका आधारमा समूहकृत गर्न मिल्ने गरी ढाँचा संघीय शिक्षा मन्त्रालयले तोक्नेछ । | सबै स्थानिय तहबाट<br>विद्युतिय माध्यम एकै ढाँचामा आए तथ्याङ्क प्रशोधन गर्न र अभिलेखिकरण गर्न सजिलो हुने भएकोले |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३१ | १६१ | २ | | | खण्ड (फ) पछि देहायको (ब), (भ) र (म) थप्नेः | खण्ड (फ) पछि देहायको (ब), (भ) र (म) थप्नेः<br>(ब) विद्यालयमा हुने यौन हिंसा र सबै किसिमका दुर्व्यवहारको सुनुवाई गर्ने संकायको मापदण्ड र सो सम्बन्धी दरबन्दी निर्धारण<br>(भ) विद्यालयमा मानसिक स्वास्थ्य चिकित्सक वा मनोवैज्ञानिक परामर्श सम्बन्धी दरबन्दी निर्धारण<br>(म) विद्यालयमा शैक्षिक परामर्श सम्बन्धी दरबन्दी निर्धारण | शैक्षिक गुणस्तर तथा विद्यार्थीको मानसिक, शारीरिक स्वास्थ्य तथा सुरक्षा सुधार्न आवश्यक भएकाले |
| १३२ | १६२ | च | | | उपदफा (च) पछि देहायको (छ) थप्नेः | उपदफा (च) पछि देहायको (छ) थप्नेः<br>(छ) अपाङ्गता भएका बालबालिकाको दिवा सेवा केन्द्र सञ्चालन र व्यवस्थापन सम्बन्धि र आवासिय शिक्षा सम्बन्धी । | अपाङ्गमैत्री शिक्षा प्रणाली |
| | | | | | | | |

दस्तखत:

(१) नाम, थर: सुमना श्रेष्ठ

मिति २०८० - ०६ - २४

२. रवि लामिछाने
३. डोल प्रसाद अर्याल
४. गणेश पराजुली
५. सोबिता गौतम
६. शिशिर खनाल
७. तोसिमा कार्की
८. चन्दा कार्की
९. बिन्दवासिनी कंसाकार
१०. असिम शाह
११. लक्ष्मि तिवारी
१२. मनिष झा
१३. शिव नेपाली
१४. अशोक कुमार चौधरी
१५. विनिता कठायत
१६. निशा डाँगी
१७. स्वर्णीम वाग्ले